# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७६/०२/०९
चौथो अधिवेशन
(पाचौ बैठक)
बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरू,**

यस सभाको चौथो अधिवेशनको पाचौ बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

ढ्यापढ्यापेमा माननीय रण बहादुर रावल :- माननीय सभामुख महोदय, पाचथर जिल्लाको मुग्लाजुन गाउँपालिका वडा नं.३ आरुवटेमा सोमबार राति दुई परिवारका ९ जनाको हत्या भएको छ । बम बहादुर फियाका परिवारका ४ र उनका ज्वाई धनराज सेर्माको परिवार ५ गरि ९ जनाको हत्या भएको छ । माननीय सभामुख महोदय, यो बहुत गम्भिर घटना भएको छ । उहाहरु प्रति उहाको परिवार सम्पूर्णलाई श्रद्धाञ्जिली अर्पण गर्न चाहान्छु । साथै यो जघन्य अपराधिहरुलाई चाहि छिटो भन्दा छिटो कारवाही होस यो शान्ति, अमनचयन यो देशमा होस भन्ने यस सभामा माननीय सभामुख मार्फत म यहा निबेदन गर्न चाहान्छु । साथै अर्को एउटा छ हाम्रो नेपाल सरकारको सम्माननीय प्रधानमन्त्री के.पी. वलीज्यूले सोमबार एउटा महत्वपूर्ण कार्यक्रम अपटिकल फाईबर विच्छ्याउने उद्घाटन समारोहमा सम्बोधन गर्दा प्रदेश र स्थानीय सरकारहरुलाई केन्द्रको ईकाईको रुपमा रहेको दलिल दिएका छन् । त्यसमा हाम्रो संसदीय दल नेपाली कंग्रेस घोर आपत्ति व्यक्त गर्न चाहान्छ । संविधानलाई विशेषगरि सम्मान गर्नुपर्ने त्यति सम्मानजन पदमा भएका सम्माननीय प्रधानमन्त्रीज्यूबाट यस्तो दलिल आउनु यो संविधानिक संघीय संरचना अर्न्तगत यसको चाहि ठुलो आपत्तिजनक कुरा हो भएको छ त्यसमा यो प्रदेशको माननीय मुख्यमन्त्रिज्यू लगायत हामीले पनि कमसेकम सम्माननीय प्रधानमन्त्रिज्यूलाई यो बारेमा प्रष्ट पार्नुपर्छ । कि संघीयता विरोधी जतिपनि दलिलहरु छन् यि रोक्नुपर्छ भन्ने हाम्रो ठम्याई छ । यसमा चाहि म धन्यवाद दिन चाहान्छु कमसेकम ४ नं. प्रदेशका मुख्यमन्त्री जुन हाम्रो पृथ्वी सुब्बाज्यू हुनुहुन्छ हाम्रो माननीय त्यस पछि १ नं. प्रदेशका चाहि मुख्यमन्त्री हुनुहुन्छ शेरधन राईजीले त आफ्नो कुराहरु प्रष्ट पारिसक्नु भएको छ त्यसैले यो संघीयताको सन्दर्भमा कुरा गर्दा हामीलाई चाहि एकदर्फ अर्को हिसाबले हेर्ने एकातिर सम्माननीय प्रधानमन्त्रिजी स्वयं आफैले यस्तो गर्दा यो संघीयता विरोधी हो कि होईन त्यस कारण मलाई लाग्छ हाम्रो सुदूरपश्चिम प्रदेशले यो गरिमामय सभाले सभामुख मार्फत कमसेकम यस सन्दर्भमा चाहि आपत्ति जनावस भन्ने शुभकामना दिन चाहान्छु धन्यवाद ।

२. **माननीय सदस्यहरू,**

अब, **"सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको कार्वाही प्रारम्भ हुन्छ ।

३. **माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफल पश्चात अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट तयार भएको प्रतिबेदन सचिवालयमा दर्ता हुन आएको जानकारी गराउँछु ।

*(जानकारी गराएपछि)*

४. **माननीय सदस्यहरु,**

अब म अर्थ विकास तथा प्राकृतिक स्रोत समितिका सभापति माननीय हर्क बहादुर कुँवर लाई **"सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफलको कार्य समाप्त भए पश्चात तयार पारिएको प्रतिबेदनलाई प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुखज्यू, मिति २०७६।०१।२५
प्रदेश सभा, सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली, नेपाल ।

विषय :– **सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** सम्बन्धी प्रतिबेदन ।

माननीय सभामुख महोदय,

सुदूरपश्चिम प्रदेश सभाको मिति २०७५।१२।१० गते बसेको तेस्रो अधिवेशनको १४औं बैठकको निर्णय अनुसार **सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** लाई यस अर्थ विकास तथा प्राकृतिक स्रोत समितिको मिति २०७५।१२।११ मा ४२औं, मिति २०७५।१२।१३ मा ४३औं मिति २०७६।०१।०९ मा ४६औं **र २०७६।०१।११मा ४७** औं **बैठक बसि विस्तृत रुपमा दफावार छलफल गरि समितिको निर्णय सहितको प्रतिबेदन पेश गरिएको छ ।**
दफावार छलफलका बैठकमा देहाय बमोजिमका माननीय मन्त्रीज्यू, माननीय सदस्यज्यूहरुको उपस्थिति रहेको थियो ।

<u>देहाय</u>

१. माननीय दीर्घ बहादुर सोडारी – सदस्य
२. माननीय देवराज पाठक – सदस्य
३. माननीय अक्कल बहादुर रावल – सदस्य
४. माननीय अम्बी कुमारी थापा – सदस्य
५. माननीय कृष्ण बहादुर चौधरी – सदस्य
६. माननीय गोविन्दराज बोहरा – सदस्य
७. माननीय प्रेम प्रकाश भट्ट – सदस्य
८. माननीय पूर्णा जोशी – सदस्य
९. माननीय महेशदत्त जोशी – सदस्य
१०. माननीय रतन बहादुर थापा – सदस्य

**आमन्त्रित**

१. आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरा

२. माननीय वल वहादुर सोडारी

३. माननीय लिलाधर भट्ट

४. सचिव श्री गोपाल प्रसाद अर्याल

दफावार छलफल समाप्त भए पश्चात प्रस्तुत विधेयकमा देहाय बमोजिम संशोधन हुनको लागि निर्णयार्थ सभामा प्रस्तुत हुनुपर्ने यस समितिको सर्वसम्मत निष्कर्ष रहेको व्यहोरा माननीय सभामुखज्यू समक्ष अनुरोध गर्दछु ।

**संशोधन तथा थप हुनुपर्ने विषयहरु**

| क्र.सं. | दफा | भएको | संशोधन एवं थप |
|---|---|---|---|
| १ | **प्रस्तावना** | पूँजी एवं लगानीका स्रोतको अभाव भएका प्रदेशका बेरोजगार जनशक्तिलाई सिप सिकाई उद्यमशीलताको विकास ,उत्पादनमा अभिबृद्धि, रोजगारीका अवसरको सृजना गर्न एवं बिनाधितो सहुलियत दरमा कर्जा प्रवाह गरी स्वदेशमै स्वरोजगार बनाउन र सुदूरपश्चिम प्रदेशमा गरिवी निवारण तथा आर्थिक समानता कायम गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा १९७ बमोजिम प्रदेश सभाले यो ऐन बनाएको छ। | पूँजी, **सीप** एवं लगानीका स्रोत अभाव भएका बेरोजगार जनशक्तिलाई सीप सिकाई उद्यमशीलताको विकास ,उत्पादनमा बृद्धि **गरी आत्मनिर्भर अर्थतन्त्र निर्माणमा योगदान दिनका लागि श्रम प्रतिको सम्मान गर्ने जनशक्ति निर्माण गर्दै** बिनाधितो सहुलियत दरमा कर्जा प्रवाह गरी स्वदेशमै स्वरोजगार बनाउन र सुदूरपश्चिम प्रदेशमा गरिवी निवारण तथा आर्थिक समानता कायम गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा १९७ बमोजिम प्रदेश सभाले यो ऐन बनाएको छ। |
| २ | **दफा २ (ख)** | (ख" ऋणी" भन्नाले कोषबाट कर्जा लिने व्यक्ति वा सहकारी संस्था वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वित्तीय संस्थालाई जनाउने छ। | (ख)" ऋणी" भन्नाले कोषबाट कर्जा लिने **उद्यमी, समूह** वा सहकारी संस्था वा इजाजत प्राप्त वित्तीय संस्थालाई जनाउने छ। |
| ३ | **दफा २ (छ)** | (छ)" खुद्रा कर्जा कारोबार" भन्नाले कोषको कार्यालयबाट सोझै व्यक्ति वा समूह विशेषलाई प्रदान गरिने कर्जा सम्झनुपर्छ। | (छ)" खुद्रा कर्जा कारोबार" भन्नाले कोषको कार्यालयबाट सोझै **उद्यमी** वा समूह विशेषलाई प्रदान गरिने कर्जा सम्झनुपर्छ। |
| ४ | **दफा २ (ञ)** | (ञ)" थोक कर्जा कारोबार" भन्नाले यस कोषबाट संस्थागत रुपमा कर्जा प्राप्त गर्ने सहकारी संस्था, नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वित्तीय संस्था र कोषले तोकेको अन्य संस्था सम्झनुपर्छ। | (ञ)" थोक कर्जा कारोबार" भन्नाले यस कोषबाट संस्थागत रुपमा कर्जा प्राप्त गर्ने, सहकारी संस्था, नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वित्तीय संस्था र कोषले तोकेको अन्य संस्था सम्झनुपर्छ। |
| ५ | **दफा २ (थ)** | थप | **(थ) "समूह" भन्नाले प्रचलित कानून बमोजिम दर्ता समूह संझनु पर्दछ ।** |

| | | | |
|---|---|---|---|
| ६ | दफा २ (द) | थप | **(द) "उद्यमी" भन्नाले व्यवसाय संचालन गर्न दर्ता भएका इच्छुक व्यक्ति वा समूह सम्झनु पर्नेछ।** |
| ७ | दफा ५ (ज) | (ज) कोषले बैंक तथा वित्तीय संस्था वा सहकारी संस्था वा कोषले तोकेका अन्य संस्था मार्फत स्वरोजगार कार्यक्रममा लगानी गर्ने सहयोगी संस्थाहरुको संयन्त्र निर्माण गर्ने, | (ज) कोषले सहकारी संस्था वा कोषले तोकेका अन्य संस्था मार्फत स्वरोजगार कार्यक्रममा लगानी गर्ने सहयोगी संस्थाहरुको संयन्त्र निर्माण गर्ने, |
| ८ | दफा ५ (ठ) | (ठ) कृषि, पशुपंक्षी, माछा पालन, सिलाई बुनाई, स्थानीय श्रोतजडिबुटी संकलन , तथाप्रशोधन र व्यवसाय, कच्चा पदार्थमा आधारित घरेलु तथा साना लघु उद्योग जस्ता व्यवसाय गर्न ऋण लगानी गर्ने, | (ठ) कृषि, पशुपंक्षी, माछा पालन, सिलाई बुनाई, स्थानीय श्रोतजडिबुटी संकलन तथा , प्रशोधन, **पर्यटन व्यवसाय** र कच्चा पदार्थमा आधारित घरेलु तथा साना लघु उद्योग जस्ता व्यवसाय गर्न ऋण लगानी गर्ने, |
| ९ | दफा ६ (४) (१) (ग) | (ग) स्थानीय निकायबाट प्राप्त रकम, | (ग) स्थानीय **तह**बाट प्राप्त रकम, |
| १० | दफा ६ (६) | (६) उपदफा (४) बमोजिम कोषमा जम्मा हुने रकमको खाता तोकिए बमोजिम संचालन हुनेछ। | (६) उपदफा (४) बमोजिम स्वरोजगार कोषको मूल खाता **नेपाल सरकारको स्वामित्वमा रहेको बैंकमा रहने छ र अन्य कारोबारको हकमा तोकिएबमोजिम** हुनेछ। |
| ११ | दफा ८ (२) | (२) दफा ७ को उपदफा (१) को खण्ड (च) बमोजिम नियुक्त सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ । निजहरुको पुनर्नियुक्ति हुन सक्नेछ । | (२) दफा ७ को उपदफा (१) को खण्ड (च) बमोजिम नियुक्त सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ । निजहरुको **एक पटकको लागि** पुनर्नियुक्ति हुन सक्नेछ । |
| १२ | दफा १५(४) (घ) | (घ) कुनै राजनीतिक दलको सदस्यता नलिएको, | **(घ) नियुक्तिका बखत तत्काल राजनीतिक दलमा क्रियाशिल नरहेको** |
| १३ | दफा १५(९) | (९) कार्यकारी निर्देशकको पारिश्रमिक र अन्य सुविधा समितिले तोकिदिए बमोजिम हुनेछ । | (९) कार्यकारी निर्देशकको पारिश्रमिक र अन्य सुविधा **नेपाल सरकारको राजपत्रांकित प्रथम श्रेणीको अधिकृत वा सो सरहको** हुनेछ । |
| १४ | दफा १९(१) (ग) | (ग) पूँजीको अभावमा कुनै पेशा व्यवसाय संचालन गर्न नसकीरहेका उद्यमीहरु, | (ग) **उद्यम गर्न चाहने तर** पूंजीको अभावमा कुनै पेशा व्यवसाय संचालन गर्न नसकीरहेका **युवायुवती**हरु, |
| १५ | दफा २२(१) | (१) ऋणीहरुलाई तोकिएको ब्याजदर लाग्नेछ र तोकिए बमोजिम कोषले ऋणीहरुलाई ब्याज रकमअनुदान प्रदान गर्न सक्नेछ। | (१) थोक कर्जा लिने संस्थाले स्प्रिड दर अधिकतम ४% (चार प्रतिशत) भन्दा बढी ब्याजदर लगाउन पाईने छैन तर कोषले ऋण लिई कर्जा प्रवाह गर्दा तोकिएबमोजिम हुनेछ । |
| १६ | दफा २८(१) | (१) यस कोषबाट थोक कर्जा लिने सहकारी संस्था वित्तीय संस्था र अन्य संघ , | (१) यस कोषबाट थोक कर्जा लिने सहकारी संस्था र अन्य संघ ,संस्थाहरुले त्रैमासिक समाप्त |

| | | | |
|---|---|---|---|
| | | संस्थाहरुले त्रैमास समाप्त भएको पैतिस दिन भित्रकर्जालगानी तथा असुली लगायत तोकिएको प्रगति विवरणको प्रतिवेदन कोष समक्ष बुझाउनु पर्नेछ ।कोषले आफ्नो आयव्यय सम्पत्ती र दायित्व र वस्तुगत सहायता एवं बाँकि मौज्दात प्रस्ट देखिने गरि तोकिएको ढाँचामा अध्यावधिक गरी राख्नु पर्नेछ। | भएको पैतिस दिन भित्र कर्जा लगानी तथा असुली लगायत तोकिएको प्रगति विवरणको प्रतिवेदन कोष समक्ष बुझाउनु पर्नेछ ।कोषले आफ्नो आयव्यय, सम्पत्ति, दायित्व र वस्तुगत सहायता एवं बाँकि मौज्दात प्रस्ट देखिने गरि तोकिएको ढाँचामा अध्यावधिक गरी राख्नु पर्नेछ। |

माननीय सभामुख महोदय,

उपरोक्त संशोधन तथा थप हुनुपर्ने विषयहरु **"सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** मा समावेश गरि उक्त विषयलाई विधेयकको अङ्ग बनाई सभामा निर्णयार्थ प्रस्तुत हुन सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम यो प्रतिबेदन प्रस्तुत गरेको छु । अन्तमा यो प्रतिबेदन तयार पार्न सहयोग पुऱ्याउने प्रदेश सभा सचिवालयका कर्मचारी सहित सम्पूर्ण अर्थ विकास तथा प्राकृतिक स्रोत समितिका माननीय सदस्यज्यूहरुप्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहान्छु ।

<u>प्रस्तुतकर्ता</u>
माननीय हर्क बहादुर कुँवर
सभापति
अर्थ, विकास तथा प्राकृतिक स्रोत समिति
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

*(प्रतिबेदन प्रस्तुत गरेपछि)*

५. **माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको आजको कार्वाहि यही समाप्त हुन्छ ।

६. **माननीय सदस्यहरु,**

अब आर्थिक मामीला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराले मिति २०७६।२।२ गतेको सभाको बैठकमा सुदूरपश्चिम प्रदेशको आर्थिक कार्यविधि ऐनको दफा ९ र प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (२) बमोजिम प्रस्तुत गरेको आ.व.२०७६।०७७ को पुर्व बजेट छलफलका लागि तयारी दस्तावेज माथिको बाँकी छलफलको कार्वाही प्रारम्भ हुन्छ ।

सर्वप्रथम माननीय महेश दत्त जोशी लाई समय दिन्छु । (समय ७ मिनेट)

माननीय महेश दत्त जोशी :- माननीय सभामुखज्यू आर्थिक बर्ष २०७६।०७७ को सम्बन्धमा पूर्व बजेट छलफल कार्यक्रममा जुन यो २०७६ साल जेष्ठ २ गते आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराले प्रस्तुत गर्नुभएको जुन कार्यपत्र छ यो समय सान्दर्भिक छ र यो ठिक समयमा यस गरिमामय सदनमा आएको छ । व्यापक छलफल गर्न सम्पूर्ण माननीयज्यूहरुलाई यसले समय प्रदान गरेको छ र यो सम्बन्धमा कुरा गर्दा उक्त मन्त्रालय र उक्त मन्त्रालयका मन्त्रिज्यू हार्दिक धन्यवादका पात्र हुनुहुन्छ । सभामुख महोदय, सिद्धान्त, उद्देश्य र प्राथमिकता यो कार्यपत्रमा लेखिएको छ र यो कार्यपत्र ५६ बुदे रहेको छ । सिद्धान्त भनेपछि हामीले छलफल गर्नुपर्ने आवश्यकता छैन । सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टि ने.क.पा.को सिद्धान्त त्यसको घोषणा पत्र जनताबाट अनुमोदित भैसकेको हुनाले त्यो सिद्धान्त मै टेकेर यो कार्यपत्र आएको छ । अब यसको उद्देश्य यसको उद्देश्य सुदूरपश्चिम प्रदेशको गरिबी निवारण, सुदूरपश्चिम प्रदेशको स्वरोजगार सिर्जना, सुदूरपश्चिम प्रदेशको औद्योगिकरण र सुदूरपश्चिम प्रदेश एउटा सुन्दर र सक्षम प्रदेश बनाउने यसको उद्देश्य हुनु पर्दछ । सभामुख महोदय, र यसका प्राथमिकताहरु खास गरि तत्काल हामीले त्रैमासिक चौमासिक हिसाबले हामीले कामहरु गर्नुपर्ने हुन्छ । हाम्रो आर्थिक बर्षका योजनाहरु जुन ०७४।०७५ मा ०७५।०७६ आर्थिक बर्षमा सम्पन्न गर्न सकेनौ जुन प्राथमिकतामा पर्दा पर्दै पनि हामीले उद्देश्यमुलक ढंगले सम्पन्न गर्न सकेनौ यो सरकारले ति कामहरुलाई अब यस बर्ष पुरा गर्नुपर्ने हुन्छ । खासगरि हाम्रो संविधानले संघीय संविधानले तीन तहको सरकारको निर्वाचन भए पश्चात संविधान कार्यान्वयनको चरणमा हामी छौ र यो कार्यान्वयनको चरणमा हामीले संविधानलाई कार्यान्वयन गराउनुपर्ने दायित्व पनि हाम्रो छ । हाम्रो संविधानले सम्पूर्ण नेपाली जनताको विकासको लागि एउटा जनतालाई नै सर्वोपरि मानेर सर्व सार्वभौम सत्ता जनतालाई मानेर यो संविधानले जसरी सरकारलाई निर्देशित गर्दछ त्यसरी नै सरकार चल्नु पर्दछ भन्ने कुरा हाम्रो यो कार्यपत्रले पनि बोल्दछ । तर व्यवहारमा हामी त्यो कुरा लागु गर्नका लागि विगतमा हामीले ०७४।०७५ मा समयको अभाव भन्यौ, २०७५।०७६ मा हामीले कर्मचारीको अभाव भन्यौ, कतिपय अनुभवको अभाव भन्यौ कतिपय ठाउमा यो गर्न सकेनौ तर अब यो तेस्रो बजेट आउदै गर्दा अब हामीले त्यो कुरा भन्ने हाम्रो सरकारलाई छुट छैन सभामुख महोदय, अब कर्मचारी पनि व्यवस्थापन भैसकेको अवस्था अनुभव पनि सरकारलाई पर्याप्त मात्रामा अनुभव भैसकेको अवस्था र अब बजेट २-२ वटा बजेट परिचालन गरिसकेको एउटा क्षमता पनि विकास भैसकेको यस अवस्थामा यो २०७६।०७७ को बजेट पूर्ण रुपमा सफल हुनेछ भन्ने हामी सम्पूर्ण यो सदनका गरिमामय सदनका माननीयज्यूहरुले, सदस्यज्यूहरुले अपेक्षा र आशा गरेका छन् त्यो अपेक्षा र आशा भनेको जनताको आवश्यकता र आशा हो । जनताको भरोसा हो त्यो

भरोसालाई यो सरकारले टुट्न दिनु हुदैन र हामीले विश्वास गरेको संविधानमा टेकेर हाम्रो सिद्धान्तमा टेकेर हामीले विश्वाश गरेको कुरा के हो भने अब उद्योगधन्दा, कलकारखाना सरकारले पनि चलाउने हो । त्यो हाम्रो सिद्धान्त भित्र पर्दछ उद्योगधन्दा, कलकारखाना सरकारले पनि चलाउने हो, सहकारीले पनि चलाउने हो र नीजिले पनि चलाउने हो यो तीन खम्बे अर्थनीति भित्र नै यो कार्यपत्र आएको छ त्यसैले यो लागु पनि हुनुपर्दछ । हाम्रो सुदूरपश्चिममा विगतमा रुण अवस्थामा रहेका उद्योगधन्दा, कलकारखानाको खोजि हुनुपर्दछ र संचालन हुने उद्योगधन्दा, कलकारखानाहरु तत्काल यसै बर्ष संचालनमा आउनु पर्दछ । उदाहरणका लागि हाम्रो सुदूरपश्चिम प्रदेशको हामीले तय गरेको राजधानी गोदावरी नगरपालिका अत्तरिया बजारमा रोजिन उण्ड टर्पेन टायन कुन अवस्थामा छ । यो सरकारले खोज्नुपर्दछ भन्ने म यो गरिमामय सदनमा सभामुख मार्फत अनुरोध गर्दछु । हाम्रो मित्रराष्ट्र तत्कालीन स्वभियत संघ र रुस सरकारले उपकरणहरु दिएर नेपाल सरकारको स्वामित्वको जमिनमा खडा गरिएको उद्योग कच्चा पदार्थ खोटो सल्लाको रुख हुदाहुदै किन बन्द भयो यो खोजतलासी गर्ने जिम्मेवारी सुदूरपश्चिम प्रदेश सरकारको हो । त्यस्ता कति उद्योगहरु एनआइडिसिको कार्यालय आज यहा बाझो अवस्थामा छ । त्यो एनआइडिसि किन बाझो रहयो यो खोज्ने ती उद्योगधन्दाहरु रुग्ण अवस्थामा रहेका उद्योगधन्दा संचालन गर्ने दायित्व सुदूरपश्चिम प्रदेश सरकारको हो । त्यो संचालन भयो भने सुदूरपश्चिम प्रदेश सरकार समृद्ध हुन्छ । यो प्रदेशका २५ लाख जनताले रोजगारीको अवसर पनि प्राप्त गर्दछन् र हाम्रो स्वाभिमान पनि अगाडि बढ्दछ । त्यसैले यतातिर अलि ठुला योजनामा सरकारको ध्यान जावस त्यतातिर बजेट विनियोजन होस यो पूर्वबजेट छलफल त्यसैको लागि आवह्वान गरिएको हुनुपर्दछ भन्ने मलाई लागेको छ । त्यस्तै प्रकारले सहकारी क्षेत्रमा हाम्रा कृषि सहकारी क्षेत्रलाई फलफुल, मासुजन्य, दुग्ध उत्पादन, तरकारी लगायतको र जरिबुटि क्षेत्रमा सहकारीहरुलाई काम गर्ने अवसर यो सरकारले सृजना गर्नुपर्दछ । त्यसपछि नीजि क्षेत्रका उद्योगि, व्यापारिकहरु, लगानीकर्ता मैत्री बाताबरण सृजना गर्न यो सरकारले कर छुटका प्रस्तावहरु, आकर्षणहरु, जमिन उपलब्ध गराउने जस्ता आकर्षक योजनाहरु हाम्रो सुदूरपश्चिम सरकारले गर्नुपर्दछ । हामीकहा अहिले ढुंगा, गिट्टी, बालुवाको आवश्यकता पर्दछ । बाटो बनाउनुहोस चाहे एयरपोर्ट बनाउनुहोस, चाहे तपाई जुन सुकै कुरा गर्नुहोस भवन बनाउनुहोस त्यहा गिट्टीको आवश्यकता पर्दछ । हामी सँग गिट्टीको स्रोत पर्याप्त मात्रामा छ अहिले नदीमा गिट्टीहरुको उचाई बढेको छ खेतको उचाई घटेको छ अहिले पानि खेततिर जान्छ । त्यो गिट्टी बालुवालाई प्रयोग गर्नको लागि घुम्ती कसर उद्योगहरु छन् । त्यो क्षेत्रमा नीजि क्षेत्रलाई तत्काल लाईसेन्स दिए मात्र पुग्छ अहिले यो दुरी ५-५ किलोमिटर दुरी भन्ने विगत पंचायतकालको जुन नियम छ तत्काल यो खारेज गर्नुपर्दछ सभामुख महोदय, ५ किलोमिटर त कहि पुग्दैन मान्छेको नीजि जग्गा त्यहिनिर छ अनि बनको सीमाना त्यहिनिर छ उसले उद्योग गर्न किन नपाउने चोरी हुन्छ भने त्यहा चाहि तारबार गर्नुपर्यो, चौकिदार राख्नुपर्यो आफ्नो जमिनमा उसले उद्योगलाई खोल्दछ भने उसलाई खोल्ने अनुमति दिनुपर्यो । यहा हामीले के भनिदियौ ५ किलोमिटर टाढा जा अब ५ किलोमिटर टाढा त कहि पनि पाउदैन साहेद नेपाल भरी पाउदैन । सुदूरपश्चिममा त ५ किलोमिटरबाट नाप्यो भने कुनै नीजि जग्गा पर्दैन कसरी उद्योग खोल्ने यो पंचायत कालिन उद्योग खोल्न नदिने जालझेल जबकि खोल्या छ फेरी अझ त्यहि जंगलकै छेउमा कसर खोल्याछ, जंगलकै छेउमा सहमिलहरु खोल्याछ, बनपैदावार उद्योग खोल्याछ तर खोल्न नदिने भन्छ । नियममा नदिने भन्छ नापौ न त खोल्या त छ त अनि त्यो उद्योग त पुरानै हो रे अनि जन्मजात भगवानले खोलिदिया हो त्यो उद्योग कि मान्छेले खोल्या हो भने खोल्न दिनुपर्यो यो नियम तत्काल सरकारको ध्यान जाओस र यस्ता नियमहरु पारित गर्नु हुदैन उद्योग धन्दालाई बाध्ने गर्न नदिने नीजि क्षेत्रलाई प्रोत्साहन नगर्ने, हतोत्साहित गर्ने यस्ता कुराहरुलाई

सरकारको ध्यान जाओस सहकारी क्षेत्रमा पनि सरकारले लगानी गरोस तब मात्रै सरकार एक्लै केहि गर्न सक्दैन त्यसैले तीन वटै क्षेत्र सरकारले उद्योग १-२ वटा नमुनाको रुपमा एउटा बाटो बनावस, एउटा प्राविधिक शिक्षालय बनावस, एउटा राम्रो अस्पताल ट्रमा सेन्टर बनावस मान्छेहरु सडक दुर्घटना भएर मरिरहेका छन्, छटपटाइरहेका छन्, औषधिमुलो पाएका छैनन । सरकारले राजमार्गको एउटा ठाउमा एउटा ट्रमा सेन्टर बनावस कम्तीमा रेस्क्यु गर्नको लागि, उद्धार गर्नका लागि मान्छे पानि नपाएर मरिरहेको अवस्थामा सरकारले सानो सानो बजेट स्वास्थ्य क्षेत्रमा होईन एउटा ठुलो बजेट सुदूरपश्चिम प्रदेश सरकारले त्यो ध्यान दिएर एउटा अस्पताल, एउटा प्राविधिक शिक्षालय र भोलेन्टरर्सहरुलाई परिचालन गरोस, कृषि क्षेत्रमा भोलेन्टरर्सहरुलाई परिचालन गरोस, जेटिय क्षेत्रकाहरुलाई परिचालन गरोस यो मेरो अनुरोध छ सभामुख महोदय यो कार्यक्रम सफल नै हुनेछ भन्ने हामीले बुझेका छौ । किन भने हाम्रा माननीय मन्त्रीज्यूहरु अनुभव प्राप्त भैसकेका छन् र अब मन्दिरहरु होईनन अब उद्योगहरु धेरै मन्दिर भए ३०० मन्दिर १६ करोड रुपैया यो पर्यटन मन्त्रालय हो कि मन्दिर मन्त्रालय हो सभामुख महोदय, अब आयन्दा यस्तो पनि नहोस भन्ने कुरा गर्दै आफ्नो भनाई यहि टुङ्ग्याउछु धन्यवाद ।

माननीय टेक बहादुर रैका :-

माननीय मान बहादुर सुनार :- माननीय सभामुख महोदय, आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराले आ.व.०७६।०७७ को पूर्व बजेट छलफलका लागि तयार पारिएको दस्तावेज माथि जुन छलफल हुदै छ त्यसमा माननीय आर्थिक मामिला मन्त्रीज्यूले ल्याएको बजेट एकदमै मेहनत गरेर राम्रो तरिकाले ल्याउनु भएको छ त्यसको म स्वागत गर्दछु, समर्थन गर्दछु । र त्यसका साथ साथै यहा केहि कुराहरु म अलिकति अगाढि बढाउदै छु । मजगाउ एयरपोर्ट अर्न्तगत त्यहा अहिले धनगढीको एयरपोर्ट बन्द भएको छ मान्छेहरुलाई अत्यन्त ठुलो सास्थि खेप्नु परेको छ त्यसो भएकोले चाहि महेन्द्रनगरको मजगाउ एयरपोर्टलाई छिटो भन्दा छिटो संचालन गर्नुपर्छ भन्ने त्यो क्षेत्रका जनताको आवाज पनि छ र अहिले यो आ.व.मा त्यो एयरपोर्टमा बढी भन्दा बढी पैसा विनियोजन गरियोस भन्ने एउटा सुझाव त्यो दिन चाहान्छु । त्यस्तै सुख्खा बन्दरगाहाका विषयमा दोधारा चादनी महाकाली नगरपालिकामा सुख्खा बन्दरगाहा छ त्यहा सभामुख महोदय त्यो सुख्खा बन्दरगाहा बनाउने भनेको धेरै कुरो भैसकेको छ अहिले भारतमा त्यहा चुनाव भएर आज चाहि गिन्ति हुदै छ । र त्यहा सरकार बनेपछि त्यो चाहि कहानिर सुख्खा बन्दरगाहा बनाउने हो त्यसको पहिचान गरेर तुरुन्तै बढी भन्दा बढी रुपैया विनियोजन गरेर त्यसको पनि समस्या समाधान हुने छ र यो सम्मानीत सदनले चाहि यहाबाट हुन सके यहाबाट होईन भने संघीय सरकारलाई पनि सिफारीस गरेर त्यो चाहि सुख्खा बन्दरगाहाका लागि त्यो पनि कुरा अगाडि बढाउनु पर्ने छ । त्यस्तै किसिमले चेकपोष्टका विषयमा पनि हामी त्यो चेकपोष्ट पनि दोधारा चादनीमा बन्ने भएका कारणले त्यसलाई पनि छिटो भन्दा छिटो अगाडि बनाई त्यसको पनि कुरा अगाडि बढाउनु पर्ने कुराहरु छ । त्यस्तै शुब्लाफाटा निकुञ्ज त्यहा चाहि एकदमै पर्यटकिय क्षेत्रका लागि एकदमै उपयुक्त छ त्यो निकुञ्जलाई हामी पर्यटकिय क्षेत्र त्यहा भित्राउन सक्यौ भनेपछि समग्र सुदूरपश्चिमको विकास हुने भएका कारणले शुक्लाफाटा आरक्ष त्यसलाई बढी भन्दा बढी मान्छे भित्राउनका लागि यो आर्थिक बर्ष भित्रको बजेटमा त्यसमा समावेश गरियोस भन्ने म एउटा सुझाव दिन चाहान्छु । म अर्को चाहि तपाईको खप्तड हाम्रो खप्तडको लागि पनि हाम्रो त्यहा एयरपोर्टमा केवुलकार संचालन गर्न सक्यौ भने धेरै भन्दा धेरै त्यहा पर्यटकहरु आएर हामी भारतको पर्यटक र यतातिर चाईनाको पर्यटकहरु आयो भनेपछि त्यहाको पनि विकास हुने भएको कारणले त्यसका विषयमा पनि म बढी भन्दा बढी बजेट

छुट्याएर त्यहा केवलकारहरुका साथै अरु समग्र त्यहाको विकासका लागि पनि त्यो अगाडि बढोस भनेर चाहि म यो सदनमा जोडदार माग गर्न चाहान्छु । त्यसका साथ साथै कृषिमा कृषि मन्त्रालयमा बढी भन्दा बढी बजेट विनियोजन गरेर सम्पूर्ण कृषि क्षेत्रलाई अगाडि बढाउनका लागि यो आर्थिक बर्षमा कृषिलाई पनि बढी भन्दा बढी बजेट छुट्याईएर त्यहाबाट अगाडि बढोस भन्ने म चाहान्छु । त्यसका साथ साथै यहा हलिया, कमलरी र मुक्तकमैयाहरुको जुन समस्या छ बर्षौ बर्ष देखि तपाइको त्यो कुराहरु उठ्दै आएको छ अहिले सम्म पनि त्यो समाधान हुन सकेको छैन त्यो समाधानका लागि अहिले आर्थिक बर्षमा चाहि त्यो समाधान गर्नका लागि  त्यो जहिले पनि चाहि हलिया रहिराख्ने, जहिले पनि चाहि कमलरी रहिराख्ने, जहिले पनि चाहि कमैया भैराख्ने हो भनेपछि कहिले त्यो समस्या समाधान गर्ने त्यसको लागि पनि यो अहिलेको बजेटमा व्यवस्था गरेर त्यो समस्या पनि समाधान होस भन्ने चाहि म एउटा सुझाव दिन चाहान्छु । त्यसका साथ साथै माहाकाली नदीमा २०५२ साल देखि त्यो तटबन्द सुरु भएको थियो अहिले त्यो पुरानो बनाएको तारजाली चाहि सबै खिया लागेर खतम हुने अवस्था भएको छ त्यहि प्रकारले जुन माथि देखि अहिले चाहि महाकाली नदीमा फोरलेनको पुल बन्दै छ त्यो फोरलेनको पुल भन्दा तलतिर त्यहा ८ सय मिटरको हाराहारीमा त्यो पक्का नहर बनाएर ल्यायौ भने यो ५ हजार विगाहा जति त्यहा जग्गा पनि बाच्ने र त्यो महाकाली नदीको पनि व्यवस्था हुने भएकाले त्यसको लागि पनि चाहि हामी राम्रो बजेटको व्यवस्था गर्ने । यदि चाहि हाम्रो प्रदेश सरकारले हुन सक्छ भने प्रदेश सरकारले भएन भने प्रदेश सरकार थ्रो संघीय सरकारलाई सिफारीस गरेर त्यो पनि गराउनु पर्छ भन्ने मेरो एउटा सुझाव छ । त्यसका साथै जोगबुडामा पनि त्यस्तै प्रकारले बनबासा देखि त्यहा पनि जोगबुडाको नदी नियन्त्रणका लागि पनि हामी त्यो पक्का तटबन्ध बनाएर लग्यौ भने पछि त्यहा पनि हजारौ विगाहा जग्गा त्यहा पनि बाच्ने भएका कारणले त्यसलाई पनि हामीले अगाडि बढाउनु पर्छ भन्ने म यहा माग गर्न चाहान्छु । त्यस्तै स्वास्थ्यतिर पनि स्वास्थ्यमा पनि यो सेती अञ्चल र महाकाली अञ्चलका विषयमा धेरै कुरा उठेका छन् । त्यस्तै चाहि महाकाली नगरपालिकामा पनि धेरै स्वास्थ्यका कुराहरु छन् र धेरै कुरा नभए पनि साना साना कुराहरु आएर पुरा हुनेछ । त्यस्तै खानेपानि, जल जंगल, त्यस्तै धेरै कुराहरु चाहि राजधानीका विषयमा कुराहरु छन् राजधानीका विषयमा चाहि हाम्रो यो चाहि सुदूरपश्चिम प्रदेशले छिटो भन्दा छिटो बढि भन्दा बढि पैसा छुट्याएर यो चाहि राजधानीको जग्गाको कुराहरुलई अहिले अगाडि बढाउनका लागि तत्काल छिटो  भन्दा छिटो अगाढि बढाईयोस भन्ने कुरा म यहा राख्दछु । त्यस्तै प्रकारले चाहि दलितहरु अस्थि चाहि हाम्रो हर्क बहादुर कुवरजीले उहा भन्नु भए जस्तै दलितहरुका विषयमा चाहि दलितहरुका पूर्जाहरु बनेर छिटो उहाहरुले पाउने घरजग्गाका विषयमा उहाहरुले त्यो कुरा पनि अगाडि बढाउने छ र यो अहिले चाहि कार्यनीतिमा अगाडि बढोस भन्ने भनाई राख्छु विदा हुन्छु धन्यवाद ।

**माननीय दिव्यश्वरी शाह :-** माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश सभाको बैठकमा ०७६।०७७ को विनियोजन विधेयकको सिद्धान्त, उद्देश्य माथि प्राथमिकता र प्रमुख नीतिहरुको निरन्तरता मात्रै भएको पाईयो । हाम्रो मात्रै संवैधानिक प्रस्तावमा लोकतान्त्रिक मुल्य र मान्यतामा आधारित समाजवाद प्रति कटिवद्ध रहि समृद्ध राष्ट्रको निर्माण गर्ने कुरा उल्लेख छ तर प्रारम्भिक छलफलमा प्रस्तुत गर्नु भएको सिद्धान्त, उद्देश्य, प्राथमिकता र नीतिमा समाजवात तर्फ उन्मुख गराउने ठोस कार्यक्रमहरु देखिदैन तसर्थ सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिमा गरिने छ भन्ने कुराले फेरी पनि जनतालाई अलमल मात्र गराउने देखिन्छ सभामुख महोदय, हाम्रो प्राथमिकता हाम्रो आवश्यकताहरुलाई मध्येनजर गरि शिक्षा, स्वास्थ्य, रोजगारी, जीविकोपार्जन, स्रोतको समुचित तथा न्यायोचित परिचालन र वितरण गर्न सकिने कार्यक्रमहरु निर्माण गर्न म सुदूरपश्चिम प्रदेश

सरकार समक्ष आग्रह गर्दछु । माननीय सभामुख महोदय, नेपालको कुल जनसंख्याको २१ प्रतिशत जनता गरिबीको रेखामुनि छन् त्यसमा पनि देशको गरिबी जनसंख्याको दोब्बर ४२ प्रतिशत जनसंख्या हाम्रो प्रदेशमा रहेको छ । यसरी गरिबीको जनसंख्यालाई माथि उकास्न उनिहरुका लागि गरिबी न्यूनिकरणका दिगो व्यवस्थापन सहितको कार्यक्रम ल्याउन अनुरोध गर्न चाहान्छु । यस्ता र यिनै कार्यक्रमहरुलाई मध्येनजर गर्दै विकासका पूर्वाधार सम्बन्धमा सबैमा सबै माननीय सांसदहरुलाई समान बजेटको व्यवस्थापन गर्न सभामुख मार्फत सरकार सँग माग गर्न चाहान्छु । सभामुख महोदय, गतबर्षको जस्तो डल्लो बजेट निर्माण गरि एकतर्फ फछ्यौट नहुने भएका पनि आफ्ना कार्यकर्ता पालन पोषण गर्ने कार्य यस बर्ष नहोस त्यतातिर पनि म ध्यानाकर्षण गराउनन चाहान्छु । माननीय सभामुख महोदय, अहिलेको अवस्थामा युवापंति नै देश विकासका मुख्य मेरुदण्ड हुन उनिहरुलाई स्वरोजगार र रोजगार सृजना गर्ने खालका कार्यक्रमहरुलाई यसको उद्देश्य र नीतिमा स्पष्ट सँग राखिनुपर्छ महिला, दलित, सिमान्तकृत समुदायका लागि प्राविधिक सीप शक्तिका कार्यक्रम र उद्देश्य प्राविधिक शिक्षामा छात्रवृत्ति जस्ता विषयित कार्यक्रम सहि राखिन अनुरोध गर्दछु । सभामुख महोदय, अन्त्यमा विगतका बर्षहरु भन्दा आगामी बर्षहरुमा हामीले जनतालाई सुशासन र सरकार भएको अनुभुति दिन सक्नुपर्दछ । भ्रष्टाचारमा शुन्य सहनशिलताको अवस्था सृजना गर्न लगायत हत्या हिंसा, बलात्कार जस्ता जघन्य अपराधहरुलाई र अपराधिहरुलाई हदै सम्मको सजायको ठोस व्यवस्था कार्यान्वयन होस भन्ने अनुरोधका साथ आफ्नो भनाईलाई यहि टुङ्ग्याउछु धन्यवाद जयनेपाल ।

माननीय दुर्गा कामी :- माननीय सभामुख महोदय, आर्थिक बर्ष २०७६।०७७ को विनियोजन विधेयकमा नीति, सिद्धान्त र बजेटका प्राथमिकताको विषयमा प्रदेश सरकारले यो समयमै गरिमामय सदनमा प्रस्तुत गरेको छ । म सरकारलाई धन्यवाद दिदै यो प्रस्तावको स्वागत गर्न चाहान्छु । माननीय सभामुख महोदय, यसको सुरुमै परिचयमै उल्लेख गरिएको छ अत्यन्तै राम्रा कुराहरु आएका छन् । यस परिचयमा बुदा त नराखिदिनु भएको भए राम्रो हुन्थ्यो बुदा लेख्नुभाको छ १ नं., २ नं., ३ नं. भनेर लेख्नु भा को छ माननीयज्यूले यसमा चाहि संक्षिपमा लेखेको भए राम्रो हुन्थ्यो जस्तो मलाई लाग्छ । यसमा २ नं. बुदा भएको भएर मैले भने २ नं. बुदा नै उल्लेख गरिएको छ । लोकतन्त्र सबै प्रकारका विभेदको अन्त्य गर्ने । लोकतन्त्रको आम जनतालाई प्रत्यक्ष अनुभुति हुने गरेर जनताको घरदैलोमा पुऱ्याउने यस्तो ऐतिहासिक अवसर जनप्रतिनिधीहरुलाई प्रदान गरेको छ भनेर यसले २ नं. बुदामा उल्लेख गरिएको छ । माननीय सभामुख महोदय, म यो गरिमामय सदनमा भन्न चाहान्छु । यस्तो महत्वपूर्ण कुरा संविधानले प्रत्याभुत गरेको, जनताले आशा गरेको, जनताको अपेक्षा अनुसार यस्तो गहकिलो कुरा यसमा आएको छ । यसको चाहि खिल्ली नउडोस भन्ने म चाहान्छु । यो यसको सिद्धान्तको कुरा गर्दाखेरि अत्यन्तै राम्रो छ । हामीले धेरै महत्वकांक्षी उद्देश्य, महत्वकांक्षी सिद्धान्त राख्ने तर व्यवहारमा जिरो गर्ने कुराहरु चाहि राम्रो हुदैन त्यसो भएको कारणले गर्दा खेरि हाम्रो नेपालको संविधान, हाम्रा पार्टिका घोषणा पत्र र हामीले जनतामा गरेका प्रतिबद्धतालाई आधार मानेर चाहि यो यसको सिद्धान्त र उद्देश्य आएको छ यसको लागि स्वागत गर्न चाहान्छु । माननीय सभामुख महोदय, यसका प्राथमिकताका कुराहरु ल्याउनु भएको छ । माननीय मन्त्रीज्यूले धेरै मेहनत गरेर राख्नु भएको छ । धेरै राम्रो छ राम्रो कुराको लागि हामीले स्वागत पनि गर्नुपर्छ र त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने पनि हाम्रो भुमिका रहन्छ त्यसो भएर म त्यसमा आफ्नो भुमिका पनि खेल्दै छु भन्ने कुरा भन्दै केहि कुराहरु छ अलिकति त्यसमा थप गर्दाखेरि अझै प्राथमिकताका साथ राख्नुपर्छ भन्ने कुराहरु मैले केहि कुराहरु सुझावको रुपमा पनि व्यक्त गर्न चाहान्छु । माननीय सभामुख महोदय, हामी सबैलाई थाहा छ लामो समयपछि जनताले बलिदान गरेर जनताको लामो त्याग, लामो परिश्रम, अत्यन्तै ठुलो परिश्रमबाट प्राप्त गरेको यो लोकतन्त्र हो यसको अनुभुति

जनताले गर्न पाउनुपर्छ र यो बजेटका प्राथमिकता पनि किन हुनुपर्छ भनेर अझै जोडदारका साथ किन भन्न चाहान्छु भने माननीय सभामुख महोदय, सिमान्तकृत बर्ग जो गिट्टी कुट्ने, भारी बोक्ने बर्ग छ त्यो बर्गलाई आधार मानेर यो बजेटलाई प्राथमिकतामा राख्नुपर्छ भन्ने मलाई लाग्छ त्यसलाई चाहि अझै सरकारले प्राथमिकताका साथ ल्याउनुपर्छ र अर्को कुरा हामीले कृषिमा आत्मनिर्मर बनाउने भन्ने कुरालाई चाहि सबै माननीयज्यूहरुले सुझाव पनि दिनु भएको छ । यो परम्परागत कृषि प्रणालीलाई व्यवस्थित गरेर आधुनिक कृषि प्रणालीलाई अपनाएर यसलाई चाहि कृषिमा आत्मनिर्भर बनाउने कुराहरु र उद्योगधन्दा खोल्ने खालको बाताबरण सृजना गर्नुपर्छ । त्यसमा बजेटको प्राथमिकता रहनुपर्छ भन्ने मलाई लाग्छ त्यस्तै गरेर बजेट वितरणमा हामीले स्वास्थ्यका कुराहरु पनि गरेका छौ । स्वास्थ्यको गुणस्तरको कुराहरु छ त्यसको साथ साथै प्राविधिक शिक्षालय चाहि हामीले प्रदेशको एउटा बनाउनुपर्छ र स्वास्थ्यको क्षेत्रमा चाहि हामीले नमुना एउटा अस्पतालको निर्माण चाहि गर्न सक्नु पर्छ त्यो बजेटको प्राथमिकतामा रहनुपर्छ भन्ने मलाई लाग्छ त्यसको साथ साथै महिलाहरुको प्रजनन स्वास्थ्यहरुको कुरा चाहि अत्यन्तै ख्याल बन्नु पर्छ भनेर सभामुख महोदय मैले अघिल्लो बर्ष पनि भनेको थिए । विशेष गरेर महिलाहरुको पाठेघर खस्ने समस्या भनौ यसको विकराल रुप छ यसको तथ्यांक सरकारले आफैले तथ्यांक लिएर सार्वजनिक गरिराखेको अवस्था छैन मैले केहि बर्ष अगाडि केहि जिआईजेड लगायतका र सरकार मिलेर गरेको अध्ययन अनुसन्धान अनुसार सुदूरपश्चिम प्रदेशको सबै तथ्यांक त छैन अछाम जिल्लाको मात्रै कुरा गर्दाखेरि प्रत्यक २५ प्रतिशत महिलाहरु यो समस्याबाट पिडित भएको अवस्था थियो । त्यसो भएको कारणले गर्दा यतातिर पनि पाठेघर खस्ने समस्या भएका महिलाहरुलाई निशुल्क अप्रेशन गर्ने कुराहरु र यसको रोकथामका लागि एउटा  रिउपेसरीको व्यवस्था चाहि प्रत्येक स्वास्थ्यचौकीमा राख्ने व्यवस्था यो नीति भित्र लिनु पर्छ भन्ने मलाई लाग्छ यसको अनि अर्को कुरा दक्ष जनशक्ति हामीले स्वरोजगारको व्यवस्था गर्ने हो त भनेका छौ तर यसको सँग सँगै दक्ष जनशक्ति उत्पादन गर्ने कुरामा पहिलो प्राथमिकतामा राख्नुपर्छ र दक्ष जनशक्ति जब हामी उत्पादन गर्न सक्छौ तब मात्रै हामी स्वरोजगारको व्यवस्था गर्न सक्छौ । त्यसो भएको कारणले गर्दा यो कुराहरु पनि प्राथमिकतामा पर्नुपर्छ र अर्को त्यसको सँग सँगै भूमि जो जोति खाने छ उसको भुमिमा स्वामित्व हुनुपर्छ । अहिले धेरै माननीयज्यूहरुले यहा सुझाव पनि दिनु भएको छ । मुक्त कमैयाको समस्या छ, हलियाको समस्या छ, कमलरीको समस्या छ जो जोति खाने बर्ग छ उसको नाममा लालपूर्जा छैन । यो सरकारले तत्काल आवास र लालपूर्जा वितरण गर्ने कुरामा चाहि सरकारको यो प्राथमिकतामा पर्नुपर्छ भन्ने चाहि मलाई लाग्छ । त्यसको पनि नेपालको संविधानले नै व्यवस्था गरेको कुरा हो । दलित बालबालिकाहरुलाई निशुल्क शिक्षाको कुराहरु गरेको छ । यो दलित बालबालिकाहरुलाई निशुल्क उच्च शिक्षाको कुरा पनि सरकारको प्राथमिकता भित्र नै पर्नुपर्छ भन्ने मलाई चाहि लाग्छ । त्यसको सँग सँगै जलविद्युत परियोजना सरकारको प्राथमिकतामा राख्नुपर्छ अन्तमा यो संसार बदल्छु भन्ने कुराहरु चाहि लेखेर बोलेर मात्रै हुदैन रहेछ माननीय सभामुख महोदय यसमा प्रत्येक व्यक्ति बदलिनु जरुरी छ । हामी सरकारमा छौ र हामी यस्तो गरिमामय सदनमा पनि छौ र हामी महत्वपूर्ण भुमिकामा पनि छौ र हामी आफु चाहि बदलिन चाहादैनौ र अरु चाहि बदलिएर आईदिए हुन्थ्यो भन्ने खालको कुराहरु छ त्यसो भएको कारणले गर्दा यो बजेट कसरी यो संसारलाई बदेल्ने भन्दा पनि आफु बदलिन जरुरी छ यो बदलेर पुरानो जो परम्परागत सैलीबाट गर्ने जुन कामको हाम्रो तरिकाहरु छ जो हाम्रो गर्ने जुन व्यवहारहरु छन् यसमा पनि बदलिन जरुरी छ र अर्को कुरा अन्तमा यो विभेदपूर्ण नीति चाहि ल्याउनु हुदैन सभामुख महोदय, संविधानले नै दिएको संवैधानिक अधिकार जुन छ यो अधिकारलाई हामीले विभेदपूर्ण खालको नीतिहरु जुन ल्याउछ त्यसले चाहि ठुलो अन्याय पनि गर्छ र त्यो ल्याउन पनि मिल्दैन यो किन मैले भने भने

पूर्वाधार विकास कार्यक्रम जुन गतसाल सरकारले ल्यायो त्यसमा पनि समानुपातिक प्रणालीबाट आएका जुन माननीयज्यूहरु हुनुहुन्छ । उहाहरुलाई अत्यन्तै विभेदपूर्ण छ नेपालको संविधानले यो प्रत्यक्ष र समानुपातिक प्रणालीलाई छुट्टै व्यवस्था भनेर गरेको छैन । हाम्रो प्रत्यक्ष निर्वाचित प्रणालीबाट आएको माननीयज्यूहरुले पनि त्यहि सेवा सुविधा खानुहुन्छ । हामीले पनि त्यहि सेवा सुविधा पाउछौ त्यसो भएको कारणले गर्दा यो विकासको मुलधारमा सिमान्तकृत बर्गलाई ल्याउनुपर्छ भनेर संविधानले परिकल्पना गरेको कुरा हो । संविधानले दिएको अधिकार हो यसलाई चाहि यस अर्को व्याख्या गरेर यसको अन्याय गर्नुहुदैन भन्ने कुरा राख्छु धन्यवाद ।

**माननीय अम्बी कुमारी थापा :-** माननीय सभामुख महोदय, आर्थिक मामिला योजना मन्त्रीले ल्याउनु भएको पूर्व बजेट छलफल कार्यक्रममा हामी धेरै माननीयहरुले आफ्ना भनाईहरु र आफ्ना मनमा लागेका जिज्ञासाहरु राखि सक्नु भएको छ । त्यसै गरि हामी छलफल गर्दै गर्दा आ.व. ०७६।०७७ को बजेट पूर्ण रुपमा सन्तुलित हुनुपर्छ । पहिलाका जस्तो ०७५।०७६ का जस्तो बजेट पूर्वाग्रही ढंगबाट बजेट जानुहुदैन सन्तुलित बजेट अब यो ०७६।०७७ को बजेटलाई सन्तुलित गरेर सन्तुलित ढंगबाट सबै माननीयहरुलाई न्याय उचित ढंगबाट र सबै प्रदेश वासि जनताहरुलाई न्यायोचित ढंगबाट हामीले अब योजनाहरु वितरण गर्नुपर्छ । बजेट त्यसरी लिनुपर्छ किन भने दुरदराजमा रहेका जनताहरुका हामी समस्याका लागि यो टेबुलमा बोल्दै गर्दा हामीले बोलेका समस्याहरु रेकर्डमा मात्रै सिमित भएको अहिले सम्म अनुभव भैरहेको छ । हामीले यहा मन्चबाट रोष्टमबाट क्वीशन उठाउदै गर्दा हामीले उठाएका क्वीशनहरुका मन्त्रीहरुले जवाफ नदिएको जस्तो लागिरहेको छ त्यसैले हामीले अब सन्तुलित ढंगले अब दुरदराजमा रहेका पिछडिएका ठाउका एकदम कुन्ठित ठाउमा रहेका जनताहरुका आजाव पनि यो सदनमा उठेका छन् । त्यो आवाजको पनि सम्बोधन हुनुपर्छ भन्ने मलाई लाग्छ । कुन कुन जिल्लामा के खेति हुन्छ, कुन कुन जिल्लामा के खेति हुन्छ कैलली र कंचनपुरमा के खेति हुन्छ पहाडी जिल्लामा के खेति हुन्छ र हिमाली क्षेत्रहरुमा के खेति हुन्छ त्यो खेति हुने ठाउको हामीले त्यो ठाउको हामीले अनुगमन गरेर हुन्छ कि प्रदेश सरकारबाट अनुगमन गराएर हुन्छ कि कृषि योग्य क्षेत्रहरु कुन कुन ठाउमा र कुन कुन क्षेत्रमा के खेति उपलब्ध हुन्छ त्यको हामीले अनुगमन गरेर हामीले कृषि क्षेत्र घोषणा गर्न जरुरी छ । विगतको बजेटको जस्तो समिक्षा गर्दै गर्दा आगामी बजेटमा समग्र पक्षलाई समेट्ने गरि रकम विनियोजित हुनुपर्छ जस्तै अघिनै धेरै माननीयज्यूहरुले कुरा उठाई सक्नु भयो । हामी संविधानमै व्यवस्था गरिएको समानुपातिक माननीयहरुलाई पनि यो संविधानमा व्यवस्था छैन होला समानुपातिकलाई पूर्वाग्राहि ढंगबाट हेर्नुपर्छ यि ख श्रेणीका माननीय हुन र प्रत्यक्ष जितेका माननीयलाई क श्रेणीका माननीय हुन किन भने समानुपातिक माननीयहरु पनि मन्त्री भएका छन् । समानुपातिक माननीयहरुलाई ख श्रेणीको भए मन्त्री कसरी दिईयो ? सभामुख महोदय प्रदेश सरकारलाई म यो क्वीशन गरे । त्यसो भएको नाताले अब क श्रेणीका माननीयहरु सबै एउटै बर्गका हुन सबै माननीयहरुका एउटै वहोदा र तह हुन भनेपछि समानुपातिक माननीयहरुलाई पनि अब व्यवस्था हुनुपर्छ । महिला बढी समानुपातिक माननीय बढी भएको कारणले यो एउटा सरकारको हेर्ने दृष्टिकोण अलि फरक परेको हो कि अझ पनि हामीले त्यसमा पुरुषप्रदान देश भएकोले महिला माथि हेर्ने दृष्टिकोण अझै फरक छ कि भन्ने मलाई लागि रहेको छ । त्यसैले हाम्रो अब आउने आगामी ०७६।०७७ को बजेटमा समानुपातिक माननीयहरुलाई पनि सम्मान हुने ढंगको बजेट आउने छ भन्ने हामी माननीयहरुले आशा गरेका छौ । हामीले पनि जनता सँग केहि बाचा कबुल गरेका छौ । हामीलाई पनि समग्र ७ नं. प्रदेशका जनताहरुले भोट हालेका छन् । प्रत्यक्ष माननीयज्यूहरुलाई एउटा क्षेत्रको एउटा निर्वाचन क्षेत्रले मात्रै भोट हालेको छ भने हामीलाई समग्र ९ वटा जिल्लाका भोट ल्याएर हामी माननीय भएका छौ ।

त्यसैले ९ वटा जिल्लाका माननीयको मागहरु सम्बोधन गर्नुपर्ने छ । माननीय सभामुख महोदय मार्फत म यो प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । अब माननीयहरुलाई न्यायोचित ढंगबाट अगाडि बढाउनु हुनेछ भन्ने मैले आशा पनि गरेको छु । दिगो विकास सन्तुलित समाजको निर्माण भनेको छ हामीले अब दिगो विकास समाजको निर्माण हामीले आएको यो नीति यो पढ्दै गर्दा यो ल्याएको अर्थमन्त्रीज्यूले ल्याएको यो प्रदेश सरकारको सिद्धान्त, प्राथमिकता र नीती, उद्देश्य पढ्दै गर्दा एकदमै स्वागतयोग्य छन् । किन भने आगामी ०७६।०७७ मा पनि यस्ता सिद्धान्त नीति र प्राथमिकता आएकै हुन । ती प्राथमिकता नीति र सिद्धान्त अनुसार काम भयो कि भएन त्यो नीति, सिद्धान्त र प्राथमिकता अनुसार काम भयो कि भएन भन्ने समिक्षा गर्ने चाहि स्थल र त्यो समिक्षा गर्ने थलो चाहि कहा हो भन्ने कुरा मलाई अहिले सम्म साहेद मैले नबुझेको हुन सक्छ मैले त्यो कुरा अहिले सम्म आगामी बजेटका छलफलहरु, आगामी बजेटमा भएका राम्रा र नराम्रा पक्षहरु छलफल गरेर अगाडि बढ्ने कुराको समिक्षा हुने ठाउ चाहि यस्तो कहा हो भन्ने कुरा मलाई अहिले सम्म प्रष्ट भैसकेको छैन । त्यसैले मैले आफ्नो मनका जिज्ञासा राख्न चाहे । सभामुख महोदय २०७५।०७६ मा बजेट ल्याउनु भो आयो बजेट पनि हामीले स्वागतयोग्य बजेट छ, ठिक छ ७ नं. प्रदेशका जनताहरुका लागि ७ नं. प्रदेशका जनताहरु हामी यहा रोष्टमबाट भन्दै थियौ ७ नं. प्रदेशलाई हेर्ने दृष्टिकोण सुदूरपश्चिम प्रदेशलाई हेर्ने दृष्टिकोण पहिला फरक भयो संघीय सरकारको पहिला दृष्टिकोण पुगेन सौतेनी व्यवहार ढंगले हेरे भनेर हामीले आफै बोल्थ्यौ तर हामीले आफै हामी सरकारमा हुदा आफै हामीले सरकार सत्ता चलाउदा कुन ढंगले कहाको जनतालाई कति ढंगले हेर्यौ । कुन जनतालाई कसरी समेट्यौ भन्ने कुरा हामीले महसुस गर्न समिक्षा गर्ने टाइम पनि हो मलाई अलिकति भन्न मन लाग्यो अहिले हाम्रो ७ नं. प्रदेशको ०७५।०७६ को बजेट थुप्रै जिल्लामा गाको छ तर अहिले सम्म सम्झौता हुन सकेको छैन । अब बजेट आषाढ मसान्त भित्रमा बजेट क्लोजिङ हुन्छ अब कहिलो त्यो सम्झौता भएर कहिले त्यो काम हुन्छ त्यो पनि म यो प्रदेश सरकारलाई क्वीशन गर्न चाहान्छु । अब हाम्रा जनताहरुले गरेका आशा तपाईहरु गाउमा जानुहोस, ग्रामिण क्षेत्रमा जानुहोस तपाईहरुलाई प्रदेश सरकारको पैसा हामीलाई चाहिदैन । प्रदेश सरकारका माननीयहरुले हामीलाई झुटा आसवासन देखाउनुभयो भनेर त्यहाका जनताहरुको आवाज छन् त्यहाका जनताहरुले बोलिरहेका छन् किन उनिहरुको कुरा स्वभाविकै छ किन भने अहिले सम्म प्रदेश सरकारका अब आज ९ गते गैसक्यो आषाढ मसान्त भित्र क्लोजिङ  हुने बजेट कहिले आषाढमसान्त भित्र जेष्ठमा लागु भएर कहिले क्लोजिङ हुन्छन् । विद्यालयका भवन बन्नै छन् थुप्रै मन्दिर बन्न छन्, पर्यटकीय क्षेत्रहरु बन्न छन् ती कहिले सम्झौता भएर कार्यान्वयन हुन्छन् । त्यहा हामीलाई हामी प्रदेश सरकारका प्रतिपक्ष भएर मात्रै बोलेका होईनौ सत्तापक्षका माननीयहरुलाई पनि चिन्ता छ यो प्रदेश सरकार कता गइरहेको छ । प्रदेश सरकारको हिड्ने बाटो चाहि प्रदेशका माननीयहरुका दृष्टिकोणबाट अलि बाहिर त गएको छैन भन्ने कुरा मलाई लागिरहेको छ । त्यसैले अब हामीले यो प्रदेश सरकार भित्र प्रतिनिधित्व गर्ने यहा सत्तापक्ष हुन वा प्रतिपक्ष हुन हामी एउटै नाउमा छु । हामी नाउ डुब्यो भने एउटै नाउ डुब्छ अनि सबै डुब्छौ । त्यसैले माननीय मन्त्रीज्यूहरु तपाईहरु पनि जनताका भोट ल्याएर आउनु भएको हो । तपाईहरुले पनि बाचा गर्नु भएको छ । त्यहि अनुसार काम गर्नुहोला तपाईहरुले अब मलाई एउटा कुरा भन्न मन लाग्यो फेरी मेरो मनमा कुरा जाग्यो योजना ६ गते सम्म मात्र योजना दिने टाईम गइसक्यो अरे कसैलाई थाहा छैन अब यो ०७५।०७६ को, ०७६।०७७ को बजेट अब योजना दिने टाईम ६ गते भित्र समाप्त भैसक्यो अरे अब कहाबाट यस्तो सूचनाहरु आउछन् । कम्तीमा सूचना आएको कुरा प्रतिपक्षको नेतालाई पनि थाहा हुनुपर्यो । सत्तापक्षको सचेतकलाई पनि थाहा हुनुपर्यो यो के ढंगले सरकार चल्छ । कहा सूचना निकाल्छन् । कहा बन्द गर्छन यो सरकार त

अर्कै ढंगबाट चलेको देखिराछु । त्यसैले म भन्न चाहान्छु । हामी पनि माननीय हुम हामी पनि जनताका भोट लिएर आएका हौ । अब तपाईहरुले सूचना गर्दाखेरि पहिलो सूचना गर्नुहोला तब मात्र टाईम समाप्त भएको समय थाहा हुन्छ । कहिले मन्त्रालयमा सूचना टास्नुहुन्छ लिखित सूचना टास्नुहुन्छ अनि टाईम समाप्त भयो अब भन्ने कुरा त धेरै थियो सभामुख महोदय टाईम छोटो भएको कारणले फेरी आउला हवस धन्यवाद ।

माननीय रतन बहादुर थापा :- माननीय सभामुख महोदय, जुन यो प्रि बजेट जुन कुरा आएको छ । बास्तवमा यो समयमा आएको छ । किन भने पोरसाल हामीले बजेटको बारेमा अध्ययन गर्न पाएनौ । पूर्व भन्नाले के हो भने बजेट आउन भन्दा पहिला नीति कार्यक्रमका धेरै माननीयको सल्लाह लिने, विज्ञहरुको सल्लाह लिने र अझ राम्रो बनाउनको लागि आएको त्यस कारण यो चाहि धेरै राम्रो कुरा छ । र यसमा नीति र कार्यक्रम पनि राम्रै छ र केहि थप गर्नुपर्ने कुराहरु छ । र यसको यो भन्दा पहिला मैले हिजो समाचारमा सुनेको थिए नेपाली कांग्रेसले चाहि छाया सरकार बनायो भनेर त्यसको लागि धेरै धेरै शुभकामना दिन चाहान्छु यो सरकार चाहि २०-२५ बर्ष सम्म चलोस भन्ने चाहान्छु र यो एउटा शुभकामना नया कुरा सुनेकोले मैले सुनाई दिएको सबैलाई र अब अलिकति यसमा हामीले के गर्नुपर्ने छ भने यो हामीले बजेटहरु धेरै ठुलो बनायौ दश हजार हाम्रा योजनाहरु भए मेरो क्षेत्रमा मात्रै १०५ वटा योजनाहरु छ । जस मध्येमा भौतिक मन्त्रालयको १०० प्रतिशत नै सम्झौता भैसकेको छ । त्यस्तै सामाजिक मन्त्रालयको पनि २-३ वटा योजना बाहोक सबै भएको छ । कृषि मन्त्रालय र बन मन्त्रालयको अलिकति कम छ र कृषिको धेरै काम छ जस्तो लागेको थियो तर त्यो चाहि एउटा निबेदन दिनुपर्ने त्यो प्रक्रिया लामो भएकोले कम देखिएको रहेछ मैले हिजो हेरे धेरै भएको रहेछ । यसो हेर्दा खेरि कार्यान्वयन केहि भएको छैन भन्ने देखिएको छ सम्झौता चाहि भएको छ । मेरो आफ्नो अनुमानमा मैले चाहि सबै हेरे मैले हिजो र मन्त्रीहरु पनि काममा लागेकै देखियो हिजोको भन्दा अलि हामीले पनि तताई राख्ने उहाहरुलाई अब गर्नुपर्यो अल्छी हुनु भएन केहि कामहरु गर्नुपर्यो भनिराछौ र त्यो गरिएको छ र अब मैले बजेटहरु दिदाखेरि कमसेकम ५० भन्दा मेरो योजनाहरु नपरोस भन्ने छ र ५० लाख भन्दा चाहि माथिको पनि अब नराखौ कमसेकम ५० लाख एक करोड दुई करोड योजना राखौ ताकि हामीलाई सजिलो हुन्छ । अब हामीले के भन्ने गर्या छौ भने मन्दिरमा ३ सय परे ४ सय परे अब दिनेवाला त हामी नै हौला हामि मध्येकै अब सत्तापक्ष, प्रतिपक्ष भए पनि अब हामीले नै करेक्शन गर्नुपर्ने भयो । किन भने अब सहयोग गर्ने र झमेलामा हामीले पार्ने अनि मन्त्रीले गरेनन भन्ने कुरा पनि आयो त्यसैले हिजो हामीले धेरै व्यापक छलफल पनि गर्यौ सबै मन्त्रालयमा गएर हामीले हेर्यौ हेर्दा खेरि चाहि राम्रै भएको मलाई लागेको छ । तर पनि अझ हामीले धेरै कामहरु गर्न बाँकी छ जस्तै यो ठुला चाहि गौरवका आयोजनाहरु चाहि हुन सकेको छैन । विविध कारणहरु हामीले बुझ्यौ सचिवहरु चाहि बदलिएको बदलियौ त्यस पछि गएर चाहि कार्यान्वयन गर्ने कुराहरुमा पनि समस्याहरु देखिएको भयो तर अहिलेलाई अब यसबाट हामीले पाठ सिकेर बजेटहरु एथावत खर्च भएको छैन अझ पनि बजेटहरु राखेर केहि हामीले योजनाहरु बनाउनुपर्छ । जस्तै उदाहरणको लागि केवलकार हामीले चाहि खप्तडमा जानको लागि एउटा केवलकार मात्र एउटा योजनामा राख्ने हो र यसलाई हामीले जनताहरु सँग पैसा छ । हामीले ५१ प्रतिशत चाहि प्रदेशको लगानी किन अहिले औद्योगिक विधेयक पनि आईसकेको छ । र ४९ प्रशेन्ट चाहि जनताको लगानी भयो भने त्यो व्यक्तिले पनि लगानी गर्न सक्छ यस्तो योजनाहरु जस्तो हाईड्रोपावरहरुमा पनि जनता र सरकार मिलेर गर्दाखेरि यस्तो कामहरु गर्न सकिन्छ । त्यस्तै अन्य सेवामुलक कामहरु अस्पताल छन् समुदायका अस्पतालहरु पनि हामीले बनाउन सक्छौ । समुदाय अस्पताल बनाउदाखेरि त्यसमा पब्लिकले पनि लगाउन सक्छ, सेयर पनि दिन सक्छ सेवाको भावना हुन सक्छ त्यस्ता खालका

कामहरु गर्न पर्नेछ र हाम्रो प्रदेशस्तरिय रोडहरु जस्तै सबै माननीयहरुको के आएको छ भने ९ वटा जिल्लाहरु जोड्ने चिसापानि देखि लिएर अछाम सम्मको जुन बाटो छ त्यसलाई चाहि हाईबेको रुपमा राख्ने र अन्य बाटाहरु पनि छन् मैले त्यो क्षेत्रको भएको हुनाले भनेको त्यस कारण यस्ता कामहरु पनि गर्नुपर्ने छ । उद्योगहरुलाई हामीले अगाडि बढाउनु पर्नेछ । उद्योगहरुको चाहि व्यवस्थापन गर्नुपर्ने छ । अर्को हाम्रो समस्या के आयो भन्दा जतिपनि देशमा हामीले हिजो संघीयतामा के देख्यौ भने जतिपनि त्यसमा चाहि बाबुराम भट्टराई विज्ञहरु देखि लिएर सबै मान्छेहरु त्यहा पुग्याछन् । त्यहा के समस्या आयो भने यो देशमा बजेटको समस्या होईन कि कार्यान्वयनको समस्या भन्ने कुराहरु आछ । देशमा प्रयाप्त पैसा छ अरबौ रुपैया ७० अरब ८० अरब चाहि बैंकमा छ तर कार्यान्वयन भएन भन्ने कुरा हामीले विगतमा सुन्दै आएको हो । त्यो हाम्रो यहाको परम्परा हिजका कर्मचारीहरुको अब एउटा यो संस्कार बड विग्रेको थोत्रिएको बसलाई चाहि राम्रो ड्राईभरलाई दिएपनि त्यो कहिले टायर फुट्छ, कहिले चाहि सिट भाचिन्छ, कहिले चाहि ब्रेक फेल हुन्छ यस्ता गाडिहरु चाहि भएको हाम्रो यो मेकानिजम चाहि कर्मचारीहरुको मेकानिजम बनिसकेको छैन । आज भारतमा हिजोका ब्रिटिसहरुले बनाइदिएको जो सिष्टम छ त्यसले अहिलेका नेताहरुले खाईरहेका छन् । उनिहरुको ईज्जत जोगिराखेको छ । त्यहाको नेताहरुको हस्तक्षेपै हुदैन त्यस्तो खालको सिस्टम छ हाम्रो यहाको सिस्टम कस्तो भने कर्मचारीको जुन हिजोको सिस्टम चाहि उपयुक्त छैन । त्यसलाई ट्रकमा ल्याउनुपर्ने छ । विग्रीएको छ । व्यवस्थापन राम्रो भएको छैन, कुराहरु मिलिरहेको छैन । त्यस कारण त्यहा पनि एउटा समस्या देखिएको छ । यसलाई ट्रकमा आईरहेको विभिन्न मन्त्रालयहरुमा समस्याहरु देखिएको यो पनि धेरै मान्छेहरु १ लाख २५ हजार कर्मचारीको आवश्यकता भएको, कर्मचारीहरु १० भएको ठाउमा ३ वटाले काम चलाईरहेको विभिन्न कारणहरुले गर्दा यो चलिरहेको छैन र हामी यसलाई कसरी राम्रो बनाउन सकिन्छ हामीले बनाउनुपर्ने हुन्छ । यो हामी सबैको हातमा छ । अब यहा के होला भने यो प्रदेश यो संघीयता जुन चाहि अहिले यो आएको छ यो खास यो एउटा नया संरचना हो हिजोका दिनमा केन्द्र थियो स्थानीय तह थियो यो थिएन यहि नै हो एउटा चाहि यसलाई हामीले बचाएर राख्यौ यो संस्था बचाई राख्यौ भने मात्रै हाम्रो सबैको प्रतिपक्ष या विपक्ष सबैको एउटा भुमिका रहनेछ । कुनै पनि एउटा संस्था नै रहेन, व्यवस्था नै रहेन भने त्यहा विरोध गर्ने ठाउनै रहेन । त्यस कारण हामी सबै जिम्मेवार भएर पक्ष, प्रतिपक्ष भन्दा पनि सत्तापक्ष हिजो राम्रो काममा लाग्ने विकास गर्ने विकास हामी नेताहरुलाई मात्रै नभएर सम्पूर्ण जनताहरुलाई हो भोली आउने हाम्रा सन्ततीहरुलाई हो र सम्बद्ध नेपाल बनाउने हामी सुखी जनताहरु बनाउने र चाहि समृद्ध नेपाल बनाउने जुन सपना हो त्यो सबै सपना हामी सबै लागेर पुरा गर्नुपर्ने छ । किन भने हामी जुन ठाउमा जुन व्यक्ति छौ हामी संसदमा छौ संसदीय जिम्मेवारी हुनुपर्यो, व्यापारि छ भने व्यापारिमा हरेक जो जहा छ टिचर छ भने शिक्षक उसको त्यसमा योग्यता हुनुपर्यो जहा जुन ठाउमा छौ, जे काम गरिरहेका छौ हामी नेपाली नागरिकहरु त्यो ठाउमा आफ्नो ठाउमा आफु दक्ष हुने र आफ्नो ठाउमा आफुले राम्रो काम गर्ने । पत्रकारहरु भनेको एउटा ऐना जस्तो हो उहाहरुले हेरिदिने हामीले सिसा जस्तो सिसा लगायौ हरियो सिसा लगायौ भने हरियो देखिन्छ यहा सेतो ड्रेस लगाएका मान्छे पनि हरियो देखिन्छन् । कालो सिसा लगाईदियो भने काला देखिन्छन त्यस कारण हामीले पारदर्शि सिसा लगाऔ र पारदर्शि किसिमले हेरिदियौ । सहि कुरालाई सहि भनिदियौ गलत कुरालाई गलत भन्दा खेरि पत्रकारहरुमा पनि विश्वाशको बाताबरण बढ्छ । हामी अगुवा नेताहरुले पनि सहि कुरा के हो त सरकारले गरेका सहि कुराहरुलाई सहि भनिदिदा खेरि कुनै आपत आउदैन । हामी पोजेटिभ र नेगेटिभ सँगै लिन सकौ तर हामीलाई पोजेटिभमा नभएर नेगेटिभमा गएको हुनाले घाटा परेको छ त्यस कारण मैले चाहि यति भन्दै मेरो भनाई यहि अन्त गर्न चाहान्छु धन्यवाद ।

माननीय माया तामाङ्ग बोहरा :- माननीय सभामुख महोदय, आज सुदूरपश्चिम प्रदेशको चौथो अधिवेशनमा माननीय आर्थिक मामिला तथा योजना मन्त्री झपट बहादुर बोहराज्यूले प्रस्तुत गर्नुभएको आर्थिक बर्ष २०७६।०७७ को विनियोजन विधेयकको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति प्रस्तुत गर्नु भएको थियो । म उहालाई हार्दिक धन्यवाद दिन चाहान्छु । माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशका पहाडी हिमाली क्षेत्रहरुमा पशुपालनको राम्रो सम्भाव्यता भएकोले व्यवसायि रुपमा पशुपालन तर्फ आकर्षण गर्न नीति तथा कार्यक्रममा समावेश गरि बजेट विनियोजन गर्न माग गर्न चाहान्छु । माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशका अति विपन्न गरिब घरपरिवार र जेष्ठ नागरिकहरुको लागि स्वास्थ्य उपचारको लागि व्यवस्था गर्नको लागि नीति तथा कार्यक्रममा समावेश गर्न म सुझाव दिन चाहान्छु । माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश बझाङ जिल्ला चैनपुर देखि ताक्लाकोट मानसरोवर पर्यटन सडक निर्माणका लागि नीति तथा कार्यक्रममा राखि बजेट विनियोजन गर्न म सुझाव दिन चाहान्छु । माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशका बझाङ, दार्चुला जिल्लामा पाईने उच्च बहुमुल्य जडिबुटि यार्सागुम्बाको उच्च प्रशोधन स्थापना तथा व्यवसायि उत्पादनका लागि सम्भाव्यता अध्ययनका लागि नीति तथा कार्यक्रममा समावेश गरि बजेट विनियोजन गर्न सरकारको ध्यानाकर्षण गर्न चाहान्छु । माननीय सभामुख महोदय, जुन नेपालको संविधानले दिएको जुन अधिकार समानुपातिक र प्रत्यक्षलाई जुन बराबर अधिकार दिएका छन् यसमा चाहि जुन २०७५।०७६ को जुन बजेटमा जुन क्षेत्रविकास कोषको रकम विनियोजन गर्दा खेरि यसमा चाहि हामी समानुपातिक प्रणालीबाट आएकाहरुलाई चाहि एकदम विभेद भएको छ । यसमा चाहि यस बर्षमा त्यस्तो विभेद नगरोस भन्ने म माग राख्न चाहान्छु भन्दै विदा हुन्छु धन्यवाद ।

माननीय गेल्बु सिंह बोहरा :- माननीय सभामुख महोदय, आज हामी आर्थिक बर्ष २०७६।०७७ को लागि माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले प्रस्तुत गर्नु भएको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिका बारेमा छलफलका क्रममा छौ र माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले जुन नीति यस गरिमामय सभामा प्रस्तुत गर्नु भएको छ त्यो बास्तवमा समय सार्न्दभिक र यस सुदूरपश्चिमको भुगोल अनुरुप सिमित साधन स्रोतका बावजुत उहाले जुन नीति तथा कार्यक्रम यस गरिमामय सभामा राख्नु भएको छ बास्तवमा धेरै स्राहनिय छ त्यसको लागि म माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यूलाई धेरै धन्यवाद दिन चाहान्छु । तथापी म केहि आफ्ना भनाई र सुझावको रुपमा केहि कुराहरु राख्न अनुमति चाहान्छु । बास्तवमा यस सुदूरपश्चिम एउटा देशको नै एउटा हिमाल, पहाड र तराई विभिन्न भुगोल विभिन्न प्राकृतिक स्रोत साधनले सम्पन्न जिल्ला अथवा एउटा प्रदेशको रुपमा लिन सक्छौ । र यसमा हामी सँग हिमाल देखि पहाड तराई सम्मका विभिन्न सम्भावनाहरु छन् त्यसैले ति सम्भावनाहरुलाई पनि माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले समेट्नु हुने छ भन्ने मैले आशा लिएको छु । विगतका बर्षहरुमा जस्तै हामीले खाली एउटा खुद्रे योजनाहरु भन्दा पनि कम्तिमा पनि हुन सक्छ भने प्रत्येक मन्त्रालयले प्रत्येक निर्वाचन क्षेत्रमा हुदैन भने कम्तीमा पनि एउटा एउटा जिल्लामा चाहिने एउटा देखिने खालका यो प्रदेशको योजना हो भन्ने खालका योजना समावेश गरियोस भन्ने म अनुरोध गर्न चाहान्छु । यस्तै यस प्रदेशमा उर्जा क्षेत्रमा धेरै सम्भावना भएको क्षेत्र पनि हो त्यसैले आगामी दिनमा हामीले उर्जा क्षेत्रमा पनि विशेष लगानी गर्न सक्यो भने पनि यस क्षेत्रको एउटा आर्थिक समृद्धिका लागि पनि टेवा पुग्छ जस्तो लाग्दछ । त्यसको लागि पनि हामीले बजेटको कुराहरु गरिरहेका हुन्छौ । आजको मितिमा मलाई लाग्दछ सरकारले ५१

प्रतिशत मात्र पनि रकम लगाएर ४९ प्रतिशत चाइ जनताबाट सेयर सिष्टमबाट पनि हामी मलाई लाग्दछ यो पुँजीको व्यवस्था गर्न सक्दछौ । यसै गरि आज यस कंचनपुर र कैलालीमा जुन विकराल रुपमा जुन बसाई सराई कार्यक्रमले गर्दाखेरि जनघनत्व बढ्ने कुरा भईरहेको छ त्यसको लागि कम्तीमा पनि हाम्रो यस सुदूरपश्चिम सरकारले आउदा दिनका नीति तथा कार्यक्रममा हिमाली जिल्लाहरु चाईने एउटा सुविधा सम्पन्न अथवा रोजगारका अवसरहरु सृजना गरेर त्यहाको बसाईसराई रोक्न पनि एउटा पहल हुनेछ भन्ने मैले आशा लिएको छु । त्यस्तै जुन अहिले संघीयताको अवधारणा पछि हामीले प्रत्येक सेवाहरु प्रत्यो जिल्लामा अथवा गाउठाउमा पुराउनु पर्ने अवस्थामा हाम्रो दार्चुला जिल्लामा लगायत केहि पहाडि जिल्लाहरुमा अहिले पनि १-२ लाखको योजनाको लागि पनि हामीले बैतडि देखि लिएर दिपायल, डडेल्धुरा सम्म आउनुपर्ने बाध्यता पनि छ त्यसको लागि आगामी दिनहरुमा प्रत्येक जिल्लामा चाइने लाईन एजेन्सी कार्यालयहरु विकास होस भन्ने चाहान्छु । त्यस्तै ... ताक्ला टिङ्कर सडक छ त्यो आज पनि नेपाल सरकारको मुख्य प्राईरिटिमा परेको छ । तथापी विगत लामो समय देखि त्यो बाटो चाईने धेरै कछुवाको गतिमा चलिरहेको अवस्था र हाल सम्म पनि त्यो बाटोमा कुनै किसिमको प्रगति नभएको हुनाले म के अनुरोध गर्न चाहान्छु भने यो बाटोलाई यथाशिघ्र माननीय सभामुख मार्फत संघीय सरकारलाई के अनुरोध गर्न चाहान्छु भनेदेखिन त्यो बाटोलाई यथाशिघ्र नेपाली सेनालाई हस्तान्तरण गरेर त्यो बाटोबाट भोलीको दिनमा मित्र राष्ट्र चाईना सँग एउटा व्यापारिक केन्द्रको रुपमा र सँग सँगै धार्मिक पर्यटनको रुपमा रहेको एउटा मानसरोवर सम्म जानकोलागि पनि एउटा बाटो खुल्ने छ र पर्यटनले गर्दा खेरि भोलीका दिनमा हाम्रो यहा राजश्व वृद्धिका साथै एउटा रोजगारको अवसर पनि सृजना हुने कुरामा म अवगत गर्न चाहान्छु । त्यस्तै गरेर अहिले मित्रराष्ट्र भारतले पनि हाम्रो महाकाली जुन अहिले महाकाली करिडोरको नामले छ त्यसमा पनि ईण्डिया पट्टी बाटो बनाइरहेको अवस्था र उनिहरुले बाटो बनाउदा हाम्रो तिर उनिहरुले जुन विस्फोटक पदार्थ प्रर्योग गरेर जुन बोल्डरहरु महाकाली नदीमा खसेर हाम्रो पट्टी भएका विगतका जुन गोरेटो बाटो त्यो पनि ध्वस्त भइरहेको अवस्था छ त्यसैले यस तर्फ पनि माननीय सभामुख मार्फत संघीय सरकारको ध्यानाकर्षण गर्न चाहान्छु र सकभर त्यो बाटोको लागि यथाशिघ्र यस प्रदेश सरकारबाट पनि गोरेटो बाटो कै रुपमा भए पनि केहि रकम विनियोजित गरियोस भन्ने म अनुरोध गर्न चाहान्छु । विगतमा बास्तवमा हामीहरु भन्ने गर्दथ्यौ सुदूरपश्चिम प्रदेशलाई चाइनि संघीय सरकारहरुले हेर्ने दृष्टिकोण अलि फरक भयो भन्ने कुरा छ म यो गरिमामय सभामा के अनुरोध गर्न चाहान्छु भनेदेखिन आगामी दिनहरुमा चाहिने रकमहरु बजेटहरु विनियोजित हुदाखेरि हिजोकै जुन प्रवृत्ति थियो त्यो प्रवृत्ति आउदा दिनहरुमा हिमाली र पहाडि जिल्लाहरुमा त्यो कुरा नदोहोरियोस र हिमाल र पहाडमा बस्ने हाम्रा सिधा सोझा जनताले पनि एउटा यो देशमा संघीयता आएको अनुभुति गरोस भन्ने कुरा अनुरोध गर्न चाहे र जुन कुरा अहिले हाम्रो सरकारले प्रत्येक स्थानीय तहहरुमा जहा १५ सैयाको एउटा अस्पताल खोल्ने कुराहरु भइरहदा मेरो जिल्ला दार्चुलामा सदरमुकाममा २०७० सालको बाढी पछि जुन अस्पतालको मेक्सिमम भाग महाकालिको बाढीमा बगि रहेको अवस्था छ । त्यसैले गर्दा खेरि म यसै बर्ष यस महाकाली अञ्चल दार्चुला जिल्लाको जिल्ला अस्पताल छ त्यसको लागि पनि उचित रकम विनियोजित होस भन्ने अनुरोध गर्न चाहान्छु र अन्तमा यस सुदूरपश्चिम प्रदेशले यस आर्थिक बर्ष २०७६।०७७ को जुन बजेटको जुन पूर्वसन्ध्यामा जुन कार्यक्रम राखेको छ त्यसको लागि माननीय आर्थिक मामिला तथा योजना मन्त्रीलाई धन्यवाद दिदै उहाले जुन सपना बोक्नु भएको थियो त्यो चाहि समृद्ध नेपाल सुखी नेपाली भन्ने नारालाई सार्थक हुनेछ भन्ने कुरा राख्दै आफ्नो भनाई यहि अन्त गर्दछु । धन्यवाद ।

माननीय नन्द बहादुर साउँद :- माननीय सभामुख महोदय, आर्थिक बर्ष २०७६।०७७ को विनियोजन विधेयक जो यो गरिमामय सदनमा पेश छ यसको लागि म हाम्रो यो सदन, माननीय सभामुख र विषयगत मन्त्रीज्यूलाई म विशेष धन्यवाद दिन चाहान्छु । जो कि हामीले एउटा वृहत्त छलफल, बहसको माध्यमबाट आगामी बर्षको बजेट र सरकारले ल्याउने नीति निर्माणको सवालमा यसले थप सर्पोट गर्छ भन्ने कुरा मैले महसुस गरेको छु त्यसो हुदा विशेष त माननीयज्यूहरुको धेरै राय सल्लाह र सुझाव यहा आईसकेको छ र विधेयकको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिको बारेमा करिब ५६ बुदामा यहा किटान भएको छ । र यसको म पूर्ण समर्थन गर्न चाहान्छु र यति भनि रहदा विशेष त यो प्रदेशलाई हामीले हाम्रो आत्मनिर्भरको आधार के बनाउने । कृषिलाई, बन क्षेत्र, पर्यटनको क्षेत्र, जल र जडिबुटिको क्षेत्रलाई हामीले विशेष त एउटा आधार बनाएका छौ । र यो आधार माथि टेकेर हामीले विकासका पूर्वाधारका कुराहरुलाई जोडेर हामीले जोडि राखेका छौ सभामुख महोदय, त्यसो हुदा हामी विशेष त यो कैलाली, कंचनपुर जिल्लालाई कृषिको प्रमुख मेरुदण्डको रुपमा हामीले लिएका छौ । र कृषि उत्पादनलाई हामीले पहिलो प्राथमिकतामा राखेर हामी सबैले एउटा आत्मनिर्भर भएर अगाडि बढ्नु पर्ने हाम्रो यो प्रदेशको पहिलो आवश्यकता हो । त्यसो हुदा कृषिको क्षेत्रमा महत्वपूर्ण बजेट चाहि सरकारको तर्फबाट आवस भन्ने कुरा म भन्न चाहान्छु । त्यसपछि गएर हामीले भौतिक पूर्वाधारको विकास गरेर जनतालाई एउटा विकासको बाटोमा डोराउनको लागि हामीले त्यहा पनि हामीले अगाडि बढ्नु पर्ने अवस्था हाम्रो यो प्रदेशको पहिलो प्रमुख विशेषता हो । त्यसैले जल, जंगल, जडिबुटि क्षेत्रलाई हामीले र पर्यटनको क्षेत्र, खनिज पदार्थको क्षेत्रलाई हामीले पहिलो प्राथमिकतामा हाम्रो समृद्धिको आधार भनेको यो प्रदेशको पहिलो आधार मानिआएका छौ र शिक्षाको सवालमा अहिले हामीले यो प्रदेशको मातहतमा प्रदेश गौरवको शिक्षा हामीले बहस गर्दै छौ । त्यसो हुदा विशेष त हामीले जुन प्राविधिक शक्तिलाई हेरेर जनशक्तिलाई हेरेर प्राविधिक क्याम्पसको हकमा हामीले यो विकास गर्न जरुरी छ । यसको निम्ती हामी सँग दक्ष जनशक्ति यहि उत्पादन गरेर विकासको कुराहरुमा हामीले जो हुनु पर्ने पहिलो आवश्यकता हो यो सँगै हामीले यो क्षेत्रलाई उद्योगको रुपमा लिदै छौ । पोरसालको बजेटमा कैलालीलाई विशेष आर्थिक क्षेत्रको रुपमा हामीले घोषणा गर्यौ र यो यति कुरा भनिरहदा अहिले लम्की चुहा नगरपालिकामा हाम्रो डुडेझाडी औद्योगिक क्षेत्रको एउटा कल्पना हामीले गरिरहेका छौ र सदनमा त्यो कुरा पटक पटक उठि रहेको छ । संघको र त्यो सँगै लामो समय देखि एउटा नीजि कम्पनी अथवा व्यक्तिगत लगानीमा भएको चाहि बासुलिङ सुगर मिल अहिले लम्कीचुहा नगरपालिका १० मा अवस्थित छ । हामीले यहा छलफल चलाउदा हामीले यस्ता संरचनालाई पनि सरकारको माध्यमबाट भोली हामीले ... लिनुपर्ने अवस्था छ । त्यसैले विशेष ध्यान जावस म भन्न चाहान्छु र स्वास्थ्यको सवालमा हामीले पहिलो प्राथमिकतामा हामीले ख्याल गर्नुपर्ने अवस्था छ । आज विरामीहरुको समस्या त्यतिकै अवस्थामा छ । त्यसैले हामीले प्रदेशको मातहतबाट हामीले प्रदेशको स्वास्थ्यको संरचना कस्तो बनाउने भन्ने कुरा हामीले यो खाका बनाउन जरुरी छ र आगामी दिनमा हामीले प्रदेश निर्वाचन क्षेत्रमा हामीले अनिवार्य रुपमा एउटा स्वास्थय हस्पिटलको कुरा खाका लिएर अगाडि बढ्नुपर्छ भन्ने कुरा भन्न चाहान्छु । दोस्रो कुरा भनेको कैलाली, कंचनपुर जिल्ला भनेको नदी तटबन्धन र बाढीको समस्या यो जिल्लामा एकदमै छ र पहाडको जिल्लामा बाढी पहिरोको समस्या छ । त्यसो हुदा हामीले प्रदेशको एउटा गुरुयोजना बनाएर यि दुईवटा जिल्लाहरुमा चाहि विशेष गरेर तटबन्धको क्षेत्रमा लगानी गर्नुपर्छ भन्ने कुरा म आगामी दिनहरुमा यहाहरुको विचमा भन्न चाहान्छु । यो सँगै खानेपानिका समस्याहरु आज यो दुईवटा जिल्लाहरुमा हामीले ओभर याक ट्याङ्की खडा गरेरर अथवा १० देखि १५ करोडको हाराहारिमा हामीले काम सम्पन्न गर्नुपर्ने अवस्था छ । तर हामी सँग

बजेट एकदम न्यून मात्रामा बजेट छ । त्यसैले यि जिल्लाहरुलाई यत्रो लगानीको बजेटलाई पनि विशेष गरेर ध्यान दिनुपर्छ भन्ने कुरा भन्न चाहान्छु । यो सँगै खानेपानिको हकमा सह लगानीको माध्यमबाट यदि कुनै जिल्ला, कुनै क्षेत्र र कुनै वडामा जनताले आफु ईच्छुक भएर हामी सह लगानीबाट काम गर्न चाहान्छु भन्नुभयो भने यो पनि नीति हामीले आगामी बर्षको बजेट र कार्यक्रममा ल्याउनुपर्छ भन्ने कुरा म भन्न चाहान्छु । दोस्रो कुरा संविधानमा भएको व्यवस्था अनुसार प्रदेश सरकारको संरचना भनेको छुट्टै संरचना हो र हामी ९औ व्यवस्था अनुसार अब हामीले निर्वाचन क्षेत्र बाहेक तपाईको शिक्षा, स्वास्थ्य, खानेपानि, सडक, पुलपुलेसाहरु एउटा प्रदेश गौरवको योजना भित्र पारेर हामीले जनतालाई सुख दिने कुरामा चाहि हामी सबको ध्यान जाओस भन्ने कुरा म विशेष गरेर यहा भन्न चाहान्छु । त्यसैले अहिलेको विशेषता भनेको हाम्रो यो सुदूरपश्चिमको एकदम गरिब हो र यहाको गरिबीलाई हामीले कसरी घटाउने र यहि कुरा नै हाम्रो पहिलो आधार हो । र त्यसको नीम्ती हामीले रोजगारमुलक कार्यक्रम ल्याएर आगामी बर्षमा हामीले यो यो कार्यक्रम अगाडि बढाउनु पर्छ भन्ने कुरा यो विधान भित्र यो विधि भित्र छ भन्ने कुरा मैले बुझेको छु । र अर्को कुरा भनेको प्रदेशको पहिचान के हुने हाम्रो यसले गर्दा माननीय सभामुख महोदय, यो ५ बर्षको अवधि भनेको हाम्रो विकासको जग बसाल्ने अवधि हुन्छ । हामी पुरा कायापलट गरेर जान सक्नेस्थिति बन्दैन त्यसैले भावि दिनहरुमा यो प्रदेशको नया संरचना अनुसार हाम्रो यो प्रदेशको कस्तो विकासको जग बसाल्ने भन्ने कुरा यो अहिलेको हाम्रो सरकार र यो सदनलाई जिम्मेवारी छ । त्यसो हुदा आगामी दिनमा हामी यो प्रदेशमा विकासको गुरुयोजनाहरु कस्तो बनाएर जाने, शिक्षाको सवालमा, खानेपानिको सवालमा र उर्जाको सवालमा धेरै माननीयज्यूले यहा उर्जाको सवालमा कुरा उठिराको छ । त्यो ले गर्दा हाम्रो प्रदेशमा भएको नीजि स्रोत र यहाको कर्मचारी र अथवा जनप्रतिनिधी र आम किसानबाट हामीले हाम्रो कति प्रशेन्ट प्रतिनिधित्व हुने त्यसले गर्दा हामीले कुन चाहि लगानी र कुन चाहि हाईड्रोपावर निर्माण गर्न सक्ने र जनताले कस्तो खालको सुविधा पाउने भन्ने कुरा हामीहरुको दिमाग र यो गुरुयोजना भित्र पर्नुपर्छ । अहिले हामीले अपरकर्णाली हेरिरहेका छम, तामाकोशि हामीले हेरेका छौ र नेपाल सरकारको कर्मचारी ईनिस्पेक्टर भन्दा माथि अथवा एक लेवलको ईनिस्पेक्टर भन्दा माथि त्यहि मन्त्रालय र त्यहि कर्मचारी भित्रबाट अहिले पनि सेयरको व्यवस्था भएको छ भन्दा आज हाम्रो २५ लाख जनसंख्या यहा छ र हामी त्यो जनताले आफ्नो लगानीमा हामीले किन बनाउन नसक्ने आधारहरु छ भन्ने कुरा म भन्न चाहान्छु । अर्को कुरा भनेको हाम्रो यो प्रदेशमा कर्मचारी प्रोत्साहन कार्यक्रमहरु अहिले यति सम्म भनि रहदा साहेद यहा विभिन्न कोणबाट समिक्षा भयो तर म के भन्न चाहान्छु भन्दा विषयगत मन्त्रालयलाई यो असार मसान्त नजाउन्जेल सम्म यो सुविधा गर्ने पाटो छैन । त्यसैले हाम्रो यो क्षेत्रमा कर्मचारी प्रोत्साहन कार्यक्रम के हो यसले गर्दा यो प्रदेशमा यो विकट क्षेत्रमा बाहिर बाट आउने कर्मचारीलाई हामीले के सुविधाहरु दिने र यहा कसरी उहाहरुलाई टिक्ने बाताबरण बनाउने र अरु मान्छे कसरी आउने भन्ने कुरा हामीले गर्नु पर्छ भन्ने कुरा म राख्न चाहान्छु र दोस्रो कुरा भनेको शान्ति सुरक्षाको कुराहरु अहिले हामीलाई यो ठाउमा देखि राख्या छौ । एउटा ठाउमा चाहि प्रहरी कार्यालय छ त्यहा गाडिको सुविधा छैन, त्यहा मोटरसाईकलको सुविधा छैन तर आकष्मिक घटना घट्यो भने कति घन्टा कति समय लाग्छ भन्ने कुरा आज हामीले बोली रहेका छम त्यसैले यि कुराहरुमा विशेष गरेर ध्यान दिनुपर्छ र प्रदेश सरकारले मैले भनि सके मेरो आफ्नो राय, सल्ला, सुझाव यो क्षेत्रमा भएका गैर सरकारी संस्थाहरु र नीजि क्षेत्रहरुलाई पनि एक किसिमको प्रोत्साहन लिएर हामीले अगाडि बढाउनु पर्छ भन्ने कुरा म भन्न चाहान्छु । यो सँगै विगत बर्ष लामो समय हामीले निकै बहस गरेका छौ त्यसले गर्दा अबको बजेट र अबको कार्यक्रममा हामी सँग क्रमागत योजनाहरु जुन छन् । यि क्रमागत योजनाहरुलाई पहिलो प्राथमिकतामा राखेर आगामी

बर्षको बजेट त्यसरी अगाडि बढ्नुपर्छ भन्ने कुरा म भन्न चाहान्छु । र अर्को कुरा भनेको राष्ट्रिय गौरवका योजनाहरु माननीय सभामुख महोदय, अब केहि दिन भित्र संघीय सरकारले बजेट ल्याउदै छ र हाम्रो क्षेत्रमा पनि र यो प्रदेशमा पनि राष्ट्रिय गौरवका योजनाहरु धेरै छन् । तर त्यो योजना रातो किताबमा हामी देख्न पाउछु तर बजेट हेर्दा एकदम थोरै मात्रामा, न्यून मात्रामा बजेट नेपाल सरकारले छुट्याएको हामीले विगतका समयमा हेर्ने गरेका छौ । त्यस कुरामा माननीय सभामुख मार्फत संघीय सरकारको पनि ध्यानाकर्षण गर्न चाहान्छु भन्दै विदा हुन्छु हवस त धन्यवाद ।

माननीय अर्चना गहतराज :- माननीय सभामुख महोदय, हामी अहिले पूर्व बजेट २०७६।०७७ को छलफलमा छौ । हाम्रो देश गरिबीको रेखामुनी भएता पनि हाम्रो विचार र चिन्तन गरिबी नहोस भन्ने शुभकामना दिन चाहान्छु । सभामुख महोदय, प्रदेश गौरवको योजनाहरु अहिले धेरै अन्यौलमा परिरहेका छन् । प्रदेश गौरवको योजनाहरु प्रदेश सरकारले गर्नुपर्ने छिटो छरितो भैरहेको छैन त्यसका लागि छिटो र कार्यान्वयन होस भन्न चाहान्छु । सरकारलाई आग्रह गर्न चाहान्छु । सभामुख महोदय, प्रदेश गौरवको योजना जस्तै दिपायल-खुटिया सडक त्यस्तै धेरै सडकहरु छन् हामीले गर्नुपर्ने र निर्माण गरिसक्नु पर्ने र सँगसँगै कालोपत्रे गर्न पनि जरुरी छ यसले गर्दा जनताहरुलाई सेवा र सुविधा छिटो पाईन्छ भन्न चाहान्छु । सभामुख महोदय, जातिय छुवाछुट अहिले विभेदको कारणले गर्दा धेरै विकृतिहरु र छुवाछुटको पिडामा बाच्ने जो दलित र गरिब हुन निमुखाहरु हुन उनिहरुले दुखदको घडि जिउनु परेको छ । दिनदिनै छुवाछुतको जडोमा बाच्नु परेको छ । छुवाछुतको अपहेलनामा बाच्नु परेको छ । त्यसैले छुवाछुत अन्त्यको लागि सरकारले छुवाछुत हटाउनको लागि विनियोजित बजेट छुट्याओस भन्न सरकारलाई आग्रह गर्न चाहान्छु । सभामुख महोदय, छुवाछुत अन्त्यको लागि कानून त बनेको छ तर कानून कागजमा मात्रै सिमित छ कानून कागजमा मात्रै सिमित नहुनको लागि र कानूनी कारवाही अगाडि बढाउनका लागि जो छुवाछुत विभेद गर्छ, गराउछ त्यसलाई सरकारबाट पाउने सरकारी सुविधाहरु बञ्छित गराउन म सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । सभामुख महोदय, विकास विनियोजितको कुरा गर्दा हामीले सडक मात्रै सडक, पानि, खोला, पधेरा, सिंचाई मात्रै विकासको बाटो होईन सभामुख महोदय, विकास भनेको समाजलाई परिवर्तन गर्नु पनि विकास हो जस्तो मलाई लाग्छ त्यसैले मदिरा सेवनले गर्दा अहिले हत्या, हिंसाहरु धेरै बढीरहेका छन् यो मदिरा सेवनले जो नीति तथा कार्यक्रममा ०७५।०७६ को नीति तथा कार्यक्रममा निश्चित समयमा बेच्न पाउने र जथाभावि बेच्न नपाउने भन्ने जो समयको पाउबन्दी लगाएको थियो अहिले त्यो समयको पाउबन्दी देखिएको छैन, लगाइएको छैन त्यसैले सभामुख महोदयले यो स्थानीय सरकारको निगरानीमा यो मदिरा सेवन बेच्नको लागि समयको पाउबन्दी लगाओस र निश्चित समयमा बेच्नको लागि प्रदेश सरकारले स्थानीय सरकारलाई जिम्मा दिओस भन्न चाहान्छु । सभामुख महोदय, जनता आवासको कुरा छ सभामुख महोदय, अहिले जो जनताहरु गरिबीको रेखामा बाच्न बाध्य भएका छन् । जो गरिबको रेखामुनी बसेका छन् पिछडिएका छन्, जो रोडमा अहिले सडकमा घर नपाएर एउटा पाल थापेर पनि बस्न बाध्य भएका छन् त्यस्तालाई जनता आवासको व्यवस्था नभएर जो जग्गा लालपूर्जावाला छन् तिनिहरुले पाईरहेको अवस्था देखिएको छ सभामुख महोदय त्यसैले जो गरिब हुन, जो गरिबको रेखामुनी बसेका हुन, जो पिछडिएका हुन त्यस्ताको छानविन गरेर जनता आवास कार्यक्रमको व्यवस्था गरेर जनताहरुले घर पाउने सुविधा र आवास पाउने सुनिश्चित गराउनु पर्छ भन्ने सभामुख महोदय सरकारलाई अनुरोध गर्न चाहान्छु । सभामुख महोदय, छात्रवृत्तिको कुरा आईरहेको छ जो अहिले टिकाराम पार्किबाट जो छात्रवृत्ति आएको छ अहिले एक एक बर्ष सम्म त्यो

कार्यविधि बनेन, त्यो कानून बनेन अहिले लास्टमा आषाढ मसान्त लागि सकेपछि त्यो सूचना निस्किेको छ । कतिले त्यहाका दुरदराजका जो उत्कृष्ट विद्यार्थी भनिएको छ त्यो उत्कृष्ठ विद्यार्थीहरु दुरदराजमा, ग्रामिण क्षेत्रमा पढ्ने विद्यार्थीहरु पर्न सक्दैनन मलाई लाग्छ जो प्राईभेट बोर्डिङबाट पढेका हुन तिनिहरु आउछन् कि जस्तो लाग्छ त्यसैले यो सोच सम्भेर सरकारले ध्यान पुऱ्याउनु पर्थ्यो मलाई त के लाग्छ भने प्लस टु नभएर जस्तै एस इ इ बाट यो उच्च शिक्षाको व्यवस्था हुनुपर्छ भन्ने मलाई लाग्छ र सरकारको ध्यानकर्षण गराउन चाहान्छु । अर्को आगामी बजेटमा एस ई ई बाट छात्रवृत्ति पाउने व्यवस्था होस भन्न चाहान्छु । सभामुख महोदय र मेरा साना सुझावहरु नीति तथा कार्यक्रममा र यो बजेटमा राम्रो कुराहरु आउदा आउदै पनि दलितका समस्याहरु यस्ता छन् कि भन्न पनि नसकिने, सुन्न पनि नसकिने त्यसैले अब आउने नीति तथा कार्यक्रममा दलितका समस्याहरु समेटियुन र दलितका समस्या समाधान होस भन्न चाहान्छु सभामुख महोदय, जातिय विभेद अन्त्यका लागि प्रदेश सरकारले अभियान संचालन गर्ने नीति बनाओस हाम्रो संविधानको धारा २४ मा दलितको छुवाछुत सम्बन्धीको हक रहेको छ यसलाई समेटेर नीति तथा कार्यक्रममा व्यवस्था होस भन्न चाहान्छु सभामुख महोदय, त्यस्तै भूमिहीनहरुलाई व्यवस्था गर्नका लागि भूमि सम्बन्धी ऐन, नीति तथा नीतिहरु प्रदेश सरकारको छिटो छरितो बनोस भन्न चाहान्छु र सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । सभामुख महोनय, यस प्रकार सिमान्तकृत दलित समुदायको बस्ती आर्थिक, सामाजिक अवस्थामा पहिचानको लागि अघिनै मैले भनिसके पहिचानको लागि सरकारको ध्यान अनुसन्धान गर्नका लागि नीति तथा कार्यक्रममा समावेशहोस र समेटियोस भन्न चाहान्छु । सभामुख महोदय, धेरै कुरा आईसकेका छन् भन्नु पर्ने सबै माननीयज्यूले भनिसक्नु भा छ । मैले भन्न चाहेको जो निर्वाचन क्षेत्र विकास कोषको रकम छ यो एकदमै गलत भएको छ जो प्रत्यक्षले हामीलाई एकल निर्णय भन्ने कार्यविधि बनेको छ यो गलत भएको छ अब आउने आगामी दिनहरुमा सम्मान सहित हामीले बाढ्न पाउनु पर्छ, सम्मान सहित हामीले योजना बनाउन पाउनुपर्छ भन्ने अनुरोध सरकारसँग राख्दै मेरा शब्द यहि टुङ्ग्याउछु हवस धन्यवाद ।

***(बोलि सकेपछि)***

७. **माननीय सदस्यहरु,**

आ.व.२०७६।०७७ को पूर्व बजेट छलफलका लागि तयारी दस्तावेज माथि छलफल गर्न निर्धारण गरिएको आजको समय यही समाप्त हुन्छ ।

८. **माननीय सदस्यहरु,**

आर्थिक मामिला तथा योजना मन्त्री मा० झपट बहादुर बोहरा द्वारा प्रस्तुत गरिएको पूर्व बजेट छलफलका लागि तयारी दस्तावेज माथिको बाँकी छलफल २०७६ साल जेष्ठ १० गते शुक्रबार दिनको २:०० बजे देखि हुने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।